CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीमसेन-४ को खोजी



ध्रुवचन्द्र गौतम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीमसेन-४को खोजी

(सूत्रउपन्यास)

ध्रुवचन्द्र गौतम

मध्यपश्चिमाञ्चल
साहित्य-संस्कृति कलाप्रतिष्ठान
नेपालगन्ज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीमसेन-४ को खोजी

(सूत्रउपन्यास)

प्रकाशक : मध्यपश्चिमाञ्चल
साहित्य-संस्कृति कलाप्रतिष्ठान
नेपालगन्ज
कम्प्युटर सेटिङ :
अञ्जन/रञ्जन घिमिरे
कान्तिपुर श्री कम्प्युटर सर्भिस
बागबजार, काठमाडौं (फोन :: ४२४२०८०)
संस्करण : पहिलो, २०६१ (प्रति ५००)
मूल्य : रु. ६१।-

Bhimshen-Char ko Khoji

(Sutra-upanyas)

Novel by Dhruvachandra Gautam

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीमसेन-४को खोजी

(सूत्रउपन्यास)

ध्रुवचन्द्र गौतम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१

हावा कुनै घूसखोर हाकिमभन्दा बढी प्रफुल्ल, शान्त र मन्द थियो। शीतलता अहिले जाडोमा परिणत भइसकेको थिएन। शरद्का दिनहरू थिए। घाम केहीबेरसम्म पिठ्यूँमा पर्दा नरमाइलो लाग्दैनथ्यो।

माथिको रोमान्टिक खालको टिप्पणी उसको उपन्यास थाल्ने एउटा शैली मात्र थियो। घूसखोर हाकिम यस कारण आयो, देशमा घूसखोरी भ्रष्टाचारको अनुपम र लोकप्रिय विधा थियो। अनि उसले प्रायः घूसखोर हाकिमहरूलाई स्मितहास्यले सुसज्जित देखेको थियो। यस्तो हाकिमको दर्शन गर्न पाएको थिएन, जो घूसखोर पनि होस् र सत्यवादी पनि होस्।

ऊ सोच्दथ्यो– "यस्तो भए कति राम्रो हुन्थ्यो ? देशबाट असत्य सदाका लागि बिदा हुन्थ्यो।"

आजसम्म यस्तो प्रविधिको विकास हुन सकेको थिएन। त्यसका लागि उसको हृदय खिन्न थियो। यस्तो हुन सकेको भए, उसको पनि केही कल्याणै हुँदो हो। उसले पनि केही लेनदेन गर्न हच्किनु पर्दैनथ्यो। आजसम्म ऊ जोगिएको थियो भने केवल भयका कारण। उसकी प्रेमिका त्यस कारण ऊसित अप्रसन्न रहन्थी। धम्की दिइरहन्थी, यस्तै हो भने म एक दिन आत्महत्या गरिदिन्छु।

अहिलेसम्म उसले आत्महत्या गरिहालेकी थिइन भने केवल यस कारण, उसलाई झीनो आशा थियो, ऊ एक दिन आफ्नो प्रेमीको हृदय परिवर्तन गर्न सफल हुन्छे।

अर्थात् घूस खाने लायक आँटिलो बनाइछाड्छे।

२

यता उसको एउटा परिवार थियो। परिवारमा आमाबाबु, दाजुभाइ, दिदीबहिनी सब थिए। महत्त्वपूर्ण कुरो के थियो भने, सबैसित ऊ चौबीसै घण्टा असन्तुष्ट र सतर्क रहन्थ्यो।

यसो हेर्दा ऊ एक्लो थियो। गलत पनि हुँदो हो, तर ऊ सबलाई प्रायः मूर्ख र दम्भी मान्दथ्यो। आफूलाई सही मान्दथ्यो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस कारण एक दिन उसले आफ्नो डायरीमा लेखेको थियो, 'उनीहरूप्रति असन्तुष्टि पनि निकै बढ्यो। उनीहरूले पनि खुलेरै एक प्रकारले अन्याय गरी, पैसाको प्रश्न भएकाले होला, नियति यही हो –म अत्याचार सहनलाई बनेझैँ र तिनीहरू अत्याचार गर्नलाई बनेझैँ। तिनीहरूको आर्थिक नियन्त्रण यति चर्को छ कि तिनीहरू नातेदार नलागेर बेपारी लाग्दछन्।'

३

उसको यो डायरीले देखिन्छ, उसमा आफू एक निरीह प्राणी बन्दै गएको हताशपना छ। ऊ विद्रोह गर्न चाहन्छ। ऊ आफूलाई एक अन्यायी परिवारमा बसेको पाउँछ। उसले लेखेको थियो, 'अहिलेलाई प्रश्न यो छ, म आफ्ना आवश्यकताहरूका लागि निजी खर्च कहाँबाट ल्याऊँ? सबै आम्दानी परिवारमै बुझाउँछु। तैपनि सन्तुष्ट भएर कसरी बसूँ, उनीहरूको भने सबै खर्च सामूहिकबाट चल्छ?'

यो एक यस्तो प्रश्न थियो, जसको समाधान, केवल अलग्ग भएरै भेटिन सक्थ्यो। ऊ अलग्ग बस्न थाल्यो।

४

यहाँ प्रश्न एउटै उठ्छ। ऊ मात्र एक्लो किन पर्‍यो त्यत्रो परिवारमा? उसकै गल्ती थियो कि? अहिले उत्तर छैन।

५

एउटा लेखाइ यस्तो थियो– हुन त उसले मलाई नीच बनाउँछ, सकेसम्म नीच शब्दहरू गाली गरेर। म पनि मान्दछु, म नीच हुँ र मूर्ख हुँ, किनभने यतिन्जेलसम्म म अत्याचारलाई बलिदान भनेर सहिरहेँ।

६

यो ऊ को हो? पिता त होइन? कि दाजुभाइ हुन्? कि उनीहरूले लगाएको कुनै गुन्डा हो? किनभने अब कसमा कति फरक छ, यो छुट्टिने बेला गयो।

वास्तवमा यसपछि नै ऊ परिवारबाट छुट्टिएको थियो। त्यसपछि प्रेमिका झन् निरास भएकी थिई। यस्तो मरन्च्याँसे र एक्लो मनुष्यले झन् के गर्ला, यति बलशाली दुनियाँमा?

केवल सन्तान जन्माउन सक्ला।

७

ऊ जसरी एक्लो र नग्न जन्मेको थियो, त्यसै गरी आफ्नो परिवारबाट छुट्टिएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आरामले सुसेली बजाउँदै गएको थियो । उसका हात यति हलुका थिए कि तिनमा एउटा भोलासमेतले भुन्डिने मौका पाएको थिएन ।

उसले सोच्यो, ठीक छ, यसरी कि कङ्गाल हिँड्दछन् कि करोडपति । मलाई करोडपति पनि ठान्न सक्छन् । मञ्जु भेटिनु हुँदैन ।

मञ्जु उसकी प्रेमिकाको नाउँ थियो । मञ्जुसँग ऊ अहिले भेट्न डराइरहेको थियो । भेटिई भने, रुन बस्ली कि जीवनभरि नभेट्ने किरिया खाली ।

त्यस कारण ऊ सकेसम्म गल्लीगल्ली पारेर हिँडिरहेको थियो ।

८

तत्काल उसले समाधान भिक्यो । मञ्जु भेटिई भने पनि भनिदिन्छ, हावा खान निस्केको हो । मापनद्वारा ज्ञात भएको छ, यतातिरको हावा स्वच्छ छ, स्वस्थ्य छ, त्यसैले ।

त्यसपछि ऊ राम्ररी गुनगुनाउन थाल्यो ।

९

सूत्रधारको प्रवेश त नभनूँ, तर यहाँ अब म पनि प्रवेश गर्दै छु । म केवल आवश्यक हुँदा प्रकट हुन्छु । कथा चलाउने दृष्टिले । हुन त एक छिन सोचे हुन्छ यो कथा अहिलेसम्म पनि कसले चलाएको थियो ? अर्को त कोही देखिन्न । त्यसो भए के भन्ने ? यस्तो भन्न सकिन्छ, डायरीले चलाएको थियो कि प्रेमिकाले चलाएकी थिई अथवा फेरि उसैले चलाएको थियो । म सोचिरहेको छु, अब मैले चलाएँ भने पनि खास कथामै त के अन्तर आउला ? केही पात्र बद्लान्, मेरो सोर्स लगाएर आएका पात्र । अफिसमा कर्मचारी हुने सोर्सको अभावमा, यस आख्यानभित्र फिट हुन आइपुगे । आख्यान अब तिनीहरूद्वारा नै चल्छ कि !

१०

वास्तवमा मेरो भय नै यही थियो, आख्यान कसरी अगि बढाउने ? यो कथाहीन दुनियाँमा, आख्यान कसरी चलाउने, मूल समस्या यही थियो ।

११

अब एक छिन यस मनुष्यलाई हेरौँ । यो पनि पात्र हो । विधिवत् भर्ना गरिएको पात्र । तलब यसलाई दिइन्न । केवल यसका त्यति आवश्यकताहरू पुऱ्याउने करार भएको छ, जतिमा यो सास मात्र फेर्ने लायक रहिरहोस् । केही हिँडडुल गर्ने लायक पनि । नत्र कथामा गति कसरी आउने ?

१२

आउनासाथ यसले भन्यो– "म केवल आफू बाँचेर पुग्दैन सर ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

–"तिम्रो समस्या त तिमी बाँच्ने कि नबाँच्ने हो ।" मैले भनें– "तिमी नै बाँचेनौ भने तिमी आफ्नो समस्या भन्ने लायक पनि रहँदैनौं । त्यस कारण पहिले आफू बाँच्ने कुरा गर, अनि अन्य समस्या देखाऊ ।"

त्यस दिन ऊ चित्त बुझाएझैं गरेर गएको थियो ।

१३

वास्तवमा उसको चित्त बुझेको रहेनछ । उसले आएर भन्यो– "सर म एक सामाजिक प्राणी हुँ ।"

–"पुरानो कुरो हो ।"

–"सर, मेरो एउटा परिवार छ ।"

–"त्यो झन् पुरानो कुरो हो ।"

उसले भन्यो– "जति पुरानो कुरो भए पनि, परिवारलाई पाल्नुपर्ने हुन्छ, त्यो त सधैं नयाँ रूप लिएर आइरहन्छ ।"

–"परिवारको प्रत्येक सदस्यले आआफ्नो जिम्मा लिए समस्या हल भइहाल्छ नि !" मैले सुझाव दिएँ ।

उसले भन्यो– "परिवारमा अशक्त पनि हुन्छन्, केटाकेटी पनि हुन्छन्, ती त आफ्नो जिम्मा लिन सक्तैनन् । ती यहाँ आएर काम पनि गर्न सक्तैनन् अनि ?"

त्यसको कुराले यस पटक म निरुत्तर भएको थिएँ ।

१४

म पनि निरुत्तर मात्र भएको थिएँ । चित्त बुझाएको थिइनँ ।

एक दिन उसलाई भनें– "हेर, नोकरीको नियम नै यही हो, त्यो एक पटकमा एकै जनालाई दिइन्छ । सिङ्गो परिवार वा देशलाई दिइँदैन ।"

–"यस्तो किन सर ?"

–"देश भनेको सब थोक हो । जल, वायु, पृथ्वी जस्तै अलिकति भ्रष्टाचार अनि गरिबीको रेखा आदि पनि चाहियो नि !"

–"किन चाहियो सर ?"

–"यी भएनन् भने देशमा उद्देश्य र आदर्श रहँदैनन् । त्यस कारण देशमा उद्देश्य र आदर्श जोगाउन पनि यिनीहरूलाई जोगाइरहनुपर्ने हुन्छ ।"

यस पटक फेरि ऊ निरुत्तर भएर गएको थियो ।

१५

तर वास्तवमा ऊ जवाफ खोज्न हिँडेको थियो । जवाफ त पाएन क्यार, एउटा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रश्न खोजेर ल्यायो । उसले मैसित सोधिदियो– "सर, तपाईं आफ्नो परिवार पाल्नुहुन्छ कि हुन्न ?"

यसको पूरा उत्तर मसित अहिले थिएन । किन ?

१६

हामी दुई जना दाजुभाइ थियौं । उसका पनि चार सन्तान थिए । मेरा पनि चारै सन्तान थिए ।

दाजुको नाउँ अमर थियो । मेरो नाउँ जरुरी भएन । सूत्रधार नै कथापात्र भएपछि नाउँको खास महत्त्व भएन ।

एक दिन अमरले भन्यो– "म आफ्ना छोराछोरीलाई विदेशतिर कतै पठाउन चाहन्छु । जम्मा चार छोराछोरी छन्, तिनलाई त शिक्षित बनाउनैपर्‍यो । आफू त पढ्न सकिएन–सकिएन ।"

म सोच्न थालें, छोराछोरी त मेरा पनि चारवटै हुन्, तर म कस्तो परिस्थितिमा छु ? सधैं त्यतिका सन्तान जन्मेकामा चिन्तित र पश्चात्तापले भरिएको, तर कुनकुन सन्तान बढी भएका हुन्, त्यो भन्न नसक्ने अवस्था थियो । हामी जस्तै कमजोरहरू मायामोहमा पनि बढी अल्झेका हुन्थे ।

१७

मैले एक दिन एउटा साथीलाई भनें– "अमर त चारै सन्तानलाई बेलायत कि अमेरिका पठाउने कुरो गर्थ्यो ।"

–"त्यसले के भयो त ?" साथीले प्रश्न गर्‍यो ।

–"मेरो आत्मविश्वास गल्दै जान थालेको छ ।" मैले भनें– "छोराछोरीले थाहा पाउनासाथ मलाई धिक्कार्नेछन् ।"

–"तिम्रो र उसको तुलनै छैन । छोराछोरीले धिक्कारे पनि सुन्नुबाहेक उपाय छैन ।" मित्रले भन्यो ।

तर मैले एउटा प्रश्न तैपनि गरें– "ममा र अमरमा के अन्तर छ ? हामी पनि त एकै आमाबाबुका सन्तान हौं ?"

–"भाग्यको अन्तर सबभन्दा ठूलो अन्तर हुन्छ दुनियाँमा ।" उसले मुसुक्क हाँसेर भन्यो ।

भाग्यको अन्तर भने बताएन ।

१८

त्यो दिनभरि म रन्थनिइरहें । घर पनि गइनं । घर गयो भने, स्वास्नी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोराछोरीसित आँखा जुधाउने साहस जुटाउनुपर्दथ्यो ।

१९

हेरौं विडम्बना । भर्खरै केहीबेर वा केही दिनपहिले म एक नियुक्तिकर्ता बनेर एउटा बिचरा पात्रलाई अर्ती-उपदेशको ग्यालनका ग्यालनले भरिदिँदै थिएँ । अब आफैं कस्तो देखिएँ ? उसको केवल एक प्रश्नले मलाई कहाँबाट कहाँ ल्याएर पछारिदियो ?

२०

अमरको कुरा भन्न उही साथी आइपुग्यो एक दिन । मैले सोधेँ– "तिमीले भाग्यको अन्तर कसरी भन्यौ, हाम्रो परिवार त एउटै छ !"

उसले बताएअनुसार, अमर धेरै विनम्र छ । सबैलाई रिझाउन सक्छ । ऊ बेसरी कमाउँछ, तर अख्तियारका कारण अकिञ्चन देखाउन सक्छ आफूलाई । पैसा छैन भनि पनि रहन्छ, पैसा गनि पनि रहन्छ ।

–"धेरै कमाएको छ उसले । तिमी कल्पनासमेत गर्न सक्तैनौ ।" मित्रले भन्यो र पुनः मुसुक्क हाँसेर हिँड्यो ।

मैले सोधेँ– "कसरी कमायो, यो त बताऊ ?"

मित्रले भन्यो– "आज मलाई हतार छ । एक दिन आएर बताउँछु ।"

त्यसपछि धेरै दिनसम्म मित्रसित भेट भएन । म त्यो अग्निमा जीवित बलिरहेँ, जसमा आफूले कमाउन नसक्ने ग्लानि सामेल थियो ।

२१

परिणाम : त्यस दिनदेखि म बाहिरै खान थालेँ र घर पनि ढिलो जान थालेँ । सबै सुतिसकेपछि ।

२२

एक दिन थाहा पाएँ, ग्लानिले मेरो कुन हविगत तुल्याएको छ ! आएर सान्त्वना दिए । अबदेखि कमाए पनि नकमाए पनि मलाई कसैले केही भन्ने छैन ।

म शान्त भएँ । मलाई थाहा थियो, ती सबै जना मैले एक दिन आत्महत्या गरिदेला भन्ने भयले त्यसो भनिरहेका थिए । आत्महत्या उनीहरूलाई मन पर्दैनथ्यो । त्यो मन पर्दैनथ्यो, पुलिस केस हुने कारणले ।

२३

सान्त्वना दिनेमा अमर पनि थियो ।

२४

मलाई रमाइलो लाग्यो, कुनै स्थितिमा यो पनि मप्रति भावुक बन्न सक्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेछ। डरले त उसलाई पनि सताएकै होला, मेरो आत्महत्याको डर। यसलाई भन्न सकिन्थ्यो, भयले दिएको भावुकता।

२५

अमर निर्जीव मूर्ति र जीवित मूर्ति दुवै सप्लाइ गर्दथ्यो। मलाई बताउनले त्यही बतायो। कालो बजारिया बन्छ। दलाल बन्छ। म केही पनि बन्न सकेको थिइनँ। मलाई मेरो आदर्शले नै खतम पाऱ्यो। यस्तो युग आएको थियो। मान्छे उसलाई मुग्ध भएर हेर्छन्, कति छिटो उन्नति गरेको ?

उसका स्वास्नी, छोराछोरी र बुहारीले अल्कोहल खाएर लड्दा पनि त्यसलाई अभिजातवर्गका रूपमा चर्चा गरिन्थ्यो। मेरी स्वास्नीलाई हीनताले सताएको हुन्थ्यो। त्यो ऊ मलाई पोख्थी, तर जति पोखे पनि ममा प्रतिक्रिया हुँदैनथ्यो। मूर्तिजत्तिकै स्थिर। एक दिन अमरले मलाई पनि बेचिदेओस् मूर्ति भनेर। त्यसपछि बरु धनी हुने सम्भावना हुन सक्थ्यो।

२६

हे ईश्वर, यतिबिघ्न भोक लिएर कसरी बाँच्ने ? अलिकति भोक, भोक साटासाट गरिदिए पनि त हुन्थ्यो !

मलाई लाग्यो, ईश्वर मुसुक्क हाँस्दै भनिरहेका छन्, मूर्ख तँ त कमसेकम बाँचिरहेको छस्, आफ्नो भव्य भोकका साथ, कति त भोकले मरिसके। तेरो भोक तिनीहरूलाई दिएर तिनको भोक तँलाई दिएको भए तँ यति लायकसमेत रहने थिइनस्। त्यस कारण आफ्नो भाग्यमाथि गर्व गर्।

त्यसपछि साँच्चीकै म आफ्नो भाग्यमाथि गर्व गर्न थालेँ, भोकलाई मुग्धभावले हेर्न थालेँ, किनभने अब त भन्नैपऱ्यो, यही भोकले मलाई जीवित राखेको थियो।

२७

उता मेरी स्वास्नी शोक र रोगका कारण जीवित थिई। उसले जीवनमा यति शोक र रोगहरू पालेकी थिई, जति जङ्गलले जीवजन्तु नपालेको होला। उसको अभ्यासै भइसकेको थियो, अरूलाई सुखी देख्ने। अनि अरूको कुनै पनि सुखमा आफ्नो दुख देख्दथी।

विज्ञहरूको भनाइ थियो, उसको जीवनमा शोकको यति मात्रा बाँच्नलाई आवश्यक छ। अलिकति पनि कम भयो भने भारहीनताले गर्दा उसको मृत्यु हुने प्रबल आशङ्का थियो।

एक असल पति हुने प्रयासमा म उसलाई जीवित राख्ने हरसम्भव प्रयत्न गरिरहेको थिएँ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साँच्चीकै ऊ वर्षौंदेखि जीवित पनि थिई ।

२८

एक दिन यस्तो भयो । बेलुकी फर्कंदा थाहा भयो, घरमा यति भात छ, जुन केवल एक जनालाई पुग्छ । यो पहिले नबताएको भए पनि अब बताउँदै छु, हाम्रा चार सन्तान थिए । ती पनि यति छिटोछिटो जन्मेका थिए, जस्तो बमन हुने प्रक्रिया हुन्छ । तिनीहरूलाई यस्तो दुनियाँमा आउने हतार थियो, जुन हाम्रो जस्तो थियो । यसलाई नखोतलौं, हतार तिनीहरूलाई थियो कि हामीलाई पनि थियो ?

जन्मिन त ती पनि राजा-महाराजाका सन्तान जस्तै जन्मेका थिए, नाङ्गै र रुँदै, तर हामीलाई के ज्ञान थिएन भने, तिनको त्यो प्राकृतिक परिस्थिति शाश्वत रूपमा तिनको जीवनमा कायम रहनेछ ।

२९

त्यस दिनको कुरामा आऊँ, घरमा केवल एक जनालाई पुग्ने भात थियो । भात मात्र थियो । चिसो र डल्लो परेको । त्यसमा दाल-तरकारी आदिको गुन्जाइस थिएन ।

३०

एउटा उपाय हुन सक्थ्यो, फिल्ममा जस्तै अलिअलि सबैलाई बाँडिदिने । यस्तो लगभग सधैं हुन्थ्यो । यसमा नयाँपन थिएन । त्यस कारण सबले विरोध गरे । भने, एक दिन त एउटाले पेटभरि खाओस् । गोला हाल्ने भइयो, जसको कागतमा 'भात' लेखेको हुन्छ, त्यसैले खाने । हालियो । एउटाको नाउँमा पऱ्यो पनि । त्यसले खाइदियो । अरूको करुणा आफ्नै ठाउँमा थियो । करुणा नै करुण दृष्टिले भातलाई हेरिरहेको थियो ।

मातृत्व र पितृत्वको असर बाँकी भएकाले हुन सक्छ, गोलामा हामी दुईले भाग लिएनौं ।

३१

–भोक खोइ ?
–पेटमा छ ।
–अन्न खोइ ?
–मुसाले खायो ।
–नोट खोइ ?
–नेताले खायो ।
–नेता खोइ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

–देश विकास गर्न गयो ।

–देश खोइ ?

–नेताले लग्यो ।

–किन ?

–विकास गर्न ।

–त्यसो भए तिमीहरू पानी खाऊ ।

–बिग्रेको छ ।

–हावा खाऊ ।

–धुनिएको छ ।

–त्यसो भए तिमीहरू केले बाँच्छौ ?

–भाग्यले/भाग्यको विडम्बनाले ।

३२

–"के सधैं यसै गरी चल्ने ?" स्वास्नीले सोधी ।

–"आधा जीवन त चल्यो ।" मैले भनें ।

–"बाँकी आधा जीवन नि ?"

–"नचलाएर बिताए हुन्न ?"

स्वास्नी रुन थाली । म बाहिर निक्लें । जीवनबारे चिन्तन गर्न ।

३३

कथाकार कुनै घटना देख्यो वा कुनै पात्र जस्तो लाग्ने मनुष्यलाई देख्यो, कथा लेख्न बसिहाल्दथ्यो । एक पटक उसले सुन्यो, एउटा चार जनाको सिङ्गो परिवारले आफ्नो दिव्य गरिबीका कारण आत्महत्या गऱ्यो । परिवारमा आफू– वर्ष ३५, स्वास्नी– वर्ष २७, आमा– वर्ष ६५ र छोरी– वर्ष १७ । छोरीको विहे हुने भएको थियो । कथाकार कथा लेख्न बस्नै आँटेको थियो, मैले रोकिदिएँ ।

कथाकारले सोध्यो– "किन ?"

मैले भनें– "त्यो परिवारलाई तिमी चिन्दैनौ ?"

कथाकारले सोध्यो– "तिमी चिन्छौ ?"

मैले भनें– "चिन्छु ।"

कथाकारले सोध्यो– "कसको परिवार हो त्यो ?"

मैले भनें– "त्यो देशको परिवार हो ।"

कथाकारले भन्यो– "भैगो कथा लेख्दिनँ । अब बरु एउटा उपन्यासै पो लेख्छु म ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३४

लेखकको मृत्यु भयो । प्रधानमन्त्री, मन्त्री अनि देशका विभिन्न नेताले अत्यन्त संवेदनशीलताका साथ एउटै भाषा पोखे– “उहाँको निधनले देशमा साहित्यको अपूरणीय क्षति भएको छ ।”

उसले भन्यो– “यिनीहरू देश, साहित्य, अपूरणीय र क्षति केही पनि जान्दैनन् ।”

मैले सोधेँ– “प्रमाण ?”

उसले भन्यो– “लेखकको मृत्यु ।”

३५

देश कङ्गाल भएको घोषणा गरियो । अफिस भएन, नोकरी भएन, खेत भएन, नगद-जिन्सी भएन, तैपनि भनियो– पाखुरीले कमाऊ र खाऊ । हामी यति सन्देश दिन सक्छौँ ।

त्यसपछि मानिस हावामा पाखुरी हल्लाएर खान थाले ।

–“के खान थाले ?”

–“हावा ।”

३६

एक समूह देशको गरिबीको प्रतीक्षा गरिरहेका थिए । ती भनिरहन्थे, यहाँ हाम्रो शक्ति, सीप र विद्याको कदरै छैन । देशभक्तिका कारण वा वृद्ध आमाबाबु दीर्घायु भइदिनाका कारण देश छाड्न पनि सकिरहेका थिएनन् । तिनीहरू यस्तै कुनै घोषणाको प्रतीक्षा गरिरहेका थिए ।

घोषणाको तत्कालपछि वृद्ध भएका प्रायजसो मातापिता देश र शरीर दुवै छाडेर आत्माका साथ विचरण गर्न थाले ।

तिनका पुत्रहरूलाई यसले शान्ति प्राप्त भयो । कमसेकम उनीहरूले हामी जस्तो दुख भोग्नु परेन र हामीले उनीहरूको मृत्यु कुर्नु परेन ।

यसरी मातापिताको मृत्यु-कामना गर्दै कर्तव्यपरायण बन्नुपर्ने सुपुत्र हुनदेखि ती सबै थोरबहुत जोगिएका थिए ।

३७

यस पटक एक डफ्फाले एउटा ठूलो निर्णय गऱ्यो ।

३८

डफ्फामा वैज्ञानिक, डाक्टर, इन्जिनियर आदि भाँतिभाँतिका मानिस थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३९

एउटा कुरामा ती साराको रुचिसमान थियो ।

४०

ती वर्षौंदेखि अमेरिकाको भिसा नपाएर खिन्नताले जीवनयापन गरिरहेका व्यक्ति थिए ।

४१

कतिले खान छाडिदिए, अमेरिकाको धर्तीमा प्रथम पाइलो टेकेपछि मात्र अन्न-जल ग्रहण गरुँला भनेर । कतिले सुख छाडिदिएका थिए, अमेरिकाको हावामा सास फेरुँला भनेर । कतिले विभिन्न करुण कारण देखाएर भिसा माग गरेका थिए, तैपनि भिसा पाइरहेका थिएनन् ।

४२

एक दिन ती सबैले निर्णय गरे– हामी पनि कोलम्बस जस्तै यात्रा गरौं । कोलम्वसलाई त भिसा चाहिएको थिएन होला ! हामी कोलम्बसकै जस्तो लुगा हालौं, डुङ्गा खोजौं । यो संसारका लागि एउटा उदाहरण, एउटा कौतुकको विषय पनि हुनेछ ।

–"विदूषक भन्दैनन् ?"

–"भनेर के भयो, अमेरिका त पुगिन्छ ।"

४३

मैले सोधें– "खाने के ?"

उसले भन्यो– "यहाँ जे खाइएको थियो, त्यही ।"

मैले भनें– "अर्थात् हावा र पानी ?"

–"बाँच्ने हो भने त्यति त खानैपर्‍यो ।"

–"केही दिनको खानेकुरा त लग्न पनि सकिन्छ ।"

–"तैपनि हामीले देशमा जसरी हावा र पानीको बढी भर पर्नुपरेको थियो, त्यो अभ्यास छाड्नु हुन्न ।"

४४

कोसी नदीबाट त्यो यात्रा थालियो । अब केही समयलाई यात्रुहरू छाड्नु उचित छ । तिनीहरूलाई जान दिऊँ । म सूत्रधार कतै अन्त हेर्न चाहन्छु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४५

प्रेमीप्रेमिकाले विधिवत् बिहे गरे। विधिवत् अर्थात् मन्दिरमा गएर। लुकेर। लुकेर, अन्य कारणले होइन, भोज ख्वाउन नपरोस् भनेर।

४६

भोज तिनीहरूले पनि खाएनन्। पहिलो छाकमा पाइलो टेक्नासाथ त्यसलाई कसरी टार्ने भन्ने प्रश्न मज्जाले उभिएको थियो, खोजेजति विचलित पार्नलाई।

४७

केही रात रमाइला भए। पछि त्यो पनि हुन छाड्यो। भोक, अभाव र गरिबीले निथ्रुक्क भएको तिनको यौवन दिन र रातमा पनि खेर जान थाल्यो। बेकम्मा साबित हुन थाल्यो।

४८

प्रेमिका रोइरहन्थी। प्रेमी उदास भइरहन्थ्यो। तिनीहरू यस कुराको आदर्श उदाहरण थिए। गृहस्थी चलाउन, अलिकति आँसु र अलिकति उदासी भए पनि पुग्दो रहेछ।

४९

तिनीहरूलाई पछुताउ हुन थाल्यो, उनीहरू पनि अमेरिका जाने समूहमा किन सामेल भएनन्? आजसम्म चिट्ठा किन हालेनन्? त्यस्ता तिनीहरू अब कुन निश्चयमा पुगे भने– आजदेखि हामी पनि समयकर्मी बन्ने। आउने कुनै समयलाई नछाड्ने।

५०

यस्तो खालका अठोटले प्लावित भएका ती पतिपत्नी एक दिन धनाढ्य बनेर देशदुनियाँ घुम्ने स्वप्नमा र ओछ्यानमा विचरण गर्न थाले।

५१

विवाहको दिव्य पाँच सय दिन बितेपछि, एउटा विदेशी पतिपत्नीका आँखा तिनीहरूमाथि परे।

५२

तिनीहरूको प्रेमकथा विस्तारमा सुनेर द्रवित भएका तिनीहरूले तिनीहरूबारे वृत्तचित्र निर्माण गर्ने योजना बनाए।

५३

उक्त वृत्तचित्रमा तिनीहरूले विश्वलाई आश्चर्यचकित तुल्याउने गरी तिनीहरूको प्रेमकथा प्रस्तुत गरे। त्यस्तो दुर्दशामा पनि तिनीहरू प्रेमीप्रेमिका मात्र रहेनन्, पतिपत्नीसमेत बनेर सुखपूर्वक बस्न सकिरहेका थिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५४

'सुखपूर्वक बसेका' थिएनन्, तर समयकर्मी बनेका तिनीहरूले चित्रको अन्त्यमा हाँसेर अन्तर्वार्ता दिएका थिए। हामी भोक खाएर बाँच्ने गर्दछौँ। गरिवी ओछ्याएर र अभाव ओढेर सुखपूर्वक सुत्ने गर्दछौँ।

५५

त्यसपछि तिनीहरू सम्पन्न हुन थाले। तिनका सन्तान सम्पन्न भएर जन्मन थाले। प्रेमी सिगार खान थाल्यो। प्रेमिका कन्याक खान थाली। तिनीहरूलाई वल्ल थाहा भएको थियो, पेट भर्नु भनेको आनन्दको कत्रो मुहान खुल्नु हुँदो रहेछ। त्यसैले कोही पनि अर्काको पेट भर्नेतिर लाग्दो रहेनछ।

५६

एक रात केटाकेटीहरू सुतिसकेपछि, अर्को सन्तानको इच्छा राखी त्यतातिर तरखर भएका तिनीहरू आपसमा कुरा गर्न थाले :

प्रेमी : आखिर भाग्य भनेको हुँदो रहेछ।

प्रेमिका : हुँदो रहेछ।

प्रेमी : हामीले के त्यस्तो गरेछौँ र यस्तो भयो ?

प्रेमिका : हामीले प्रेम गऱ्यौँ। प्रेम सधैँ महान् हुन्छ।

प्रेमी : अर्थात् हामी दुनियाँका एक मात्र त्यस्ता प्रेमीप्रेमिका रहेछौँ, जसले प्रेमलाई बन्धकी राखेर आनन्द प्राप्त गरेको छ। अब पनि प्रेम त्यति आवश्यक छ त ?

प्रेमिका : अब प्रेमवाट जति पाइने हो पाइसक्यौँ। अब आनन्द आवश्यक छ।

प्रेमी : त्यसो भए आऊ, आनन्द गरौँ र सन्तान जन्माऔँ। तिम्रो सबभन्दा उत्तेजित हुने अङ्ग कुन हो ?

प्रेमिका : यति समयपछि आज सोध्दै छौ ? भन्दिनँ।

प्रेमी : फुर्सत थिएन। त्यस कारण अन्यतिर ध्यान दिनै पाइएन।

प्रेमी : विदेशीलाई हामीले झूटो प्रेमकथा सुनाएका थियौँ।

प्रेमी : सुनाएका होइन, वेचेका थियौँ। समयकर्मी हुने अठोट हामी दुवैको थियो।

प्रेमिका : म अब सुत्छु।

दुवै आनन्दित भएर निदाए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५७

अर्काको कथाले तृप्ति लिन खोजिरहेको छु। स्वास्नी माइत गएर बसिदिएकी छे। म अमेरिका जाने समूहमा छु। अहिले कोसी नदीमै छौं। समुद्र छुने कहिले हो कहिले। कोलम्बस हुनु कति खतरनाक रहेछ, थाहा हुँदै छ सबैलाई।

५८

एक्कासि एउटा अकल्पनीय रूपमा विशाल कुहिराले हामीलाई बेर्‍यो। कुहिरो पनि ठोस हुन सक्तो रहेछ भन्ने त्यहीं थाहा भयो। शिर चट्टान नभए पनि कुनै रबरको भित्तासित ठक्कर खाएको अनुभव भएको थियो सुरुमा।

५९

कुहिरो यति बाक्लो थियो, हामी त्यसको चोइटा उप्काएर खान सक्थ्यौं। अगि बढ्न असम्भव भयो। कोलम्बस होइन, सिन्दबादको सम्झना आउन थाल्यो।

६०

वैज्ञानिकहरू त्यो असम्भव कुहिराको परीक्षण गर्न थाले।

६१

अन्ततः तिनीहरूले घोषणा गरे– यो महाभारतकालीन कुहिरो हो। त्यही कुहिरो हो, जुन उत्पन्न गरेर पराशर ऋषिले मत्स्यगन्धा र आफूलाई नदेखिने तुल्याएका थिए। त्यसपछि मत्स्यगन्धाको विधिवत् कुमारित्व हरण गर्दै कुमारित्व रहिरहने अनुपम वरदान दिएका थिए।

६२

हामी प्रसन्न भयौं, त्यति प्राचीन कुहिरासित हाम्रो साक्षात्कार भएकोमा। त्यति मात्र होइन, कुहिराले केही मात्रामा हामीलाई तृप्ति पनि दिएको थियो। अलिअलि रोमान्टिक पनि बनाइदिएको थियो। वृद्ध पराशर र मत्स्यगन्धाको लीला स्मरण गर्दै केही जना त त्यही शैलीमा कुहिराको लाभ उठाउने जमर्को गर्न थालेका थिए।

६३

पछि दुनियाँलाई सुनाउन हुन्छ, हामीले पनि पराशरले उत्पन्न गरेको कुहिरोमा त्यही काम गर्‍यौं, जुन पराशरले गरेका थिए। यो चन्द्रमामा पुग्नु अथवा अन्य त्यस्तै काम जस्तो हुन्थ्यो।

६४

थियो पनि त्यस्तै। हामी त्यहाँ दृश्य थिएनौं। ध्वनिमा परिणत भएका थियौं। कसैलाई देख्न सक्तैनथ्यौं, केवल आवाजले चिन्नुपर्दथ्यो, को हो ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६५

कुहिरोमा कताकता माछाको गन्ध मिसिएझैं लाग्यो। महाभारतक मत्स्यगन्धाको देहगन्ध। त्यो अहिले प्रत्येकलाई मादक गन्धझैं लागिरहेको थियो त्यस्तोमा... मौका पाइनेले... मौका लिएकै हुनुपर्दछ।

६६

एक ठाउँमा अडिनुपर्‍यो। किनार आएको थियो। किनारमा एउटा नगर स्थित थियो। सुन्दर नगर। सबैले घर नदेखेको धेरै दिन भएको थियो। सबै त्यतैति दगुरे। खानपिनको समस्या पनि धेरै दिनदेखि थियो।

६७

नगरमा प्रवेश गरेका हामीलाई, सबै अचम्मका दृष्टिले हेर्न थाले। हाम्रो आफ्नो अचम्म पनि थियो। हामीले त्यो नगरलाई अमेरिकाको नभए पनि विदेशकै कुनै नगर ठानेका थियौं।

६८

तर त्यहाँका मानिसहरू सबै हाम्रा पहिलेका मानिसझैं धोती र गन्जी आदिले युक्त थिए।

६९

मैले त्यहाँ हिँडिरहेको एक बटुवालाई सोधेँ– "यो कुन ठाउँ हो महाशय ?"

बटुवाले भन्यो– "मान्यवर, यो त एकचक्रा नगरी हो, तर तपाईं कुन देशका नागरिक हुनुहुन्छ ? अनि यो कुन भेषभूषा हो ?"

७०

मैले भनेँ– "हामी सबै नेपाली हौँ। विदेश पुगिन्छ कि भनी यस्तो भेष धारण गरेका हौँ।"

उसले अचम्म मानेर सोध्यो– "विदेश जाने त्यस्तो रहर हुँदो रहेछ ?"

त्यसपछि मैले देशको परिस्थिति विस्तारमा बताएँ र सोधेँ– "अब भन्नुस् तपाईं के भन्नुहुन्छ ?"

बटुवाले एउटा लामो सास फेर्दै भन्यो– "म केही पनि भन्दिनँ।"

त्यसपछि ऊ आफ्नो बाटो तताउँदो भयो।

७१

मैले आफ्नो घरअगिल्तिर हुक्का खाइरहेको एक सम्भ्रान्त व्यक्तिलाई सोधेँ– "श्रीमान, यो एकचक्रा नगरी हो भन्ने सुनियो। के यो त्यही महाभारतकालीन नगरी हो ?"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

–"हो ।" वृद्धले भन्यो ।

–"जसलाई उस बखत भीमसेनले राक्षसबाट मुक्त गरेका थिए ?" मैले सोधेँ ।

७२

वृद्धले मलाई पुलुक्क हेरे । एक छिनसम्म हेरिरहे । अनि भने– "भीमसेनले त मुक्त गराएका हुन्, तर यो नगरी तैपनि मुक्त हुन सकेन ।"

७३

मैले आश्चर्यचकित हुँदै सोधेँ– "यहाँको कुरो अलि खुलस्त किसिमले बुझ्न पाउँछु कि ? नगर त आर्थिक दृष्टिले सम्पन्न देख्दछु र पनि नगर मुक्त छैन भन्नुहुन्छ भने, त्यसको कारण के होला ?"

७४

वृद्धले उदास हुँदै भन्यो– "तिमीले उचित भन्यौ । धनधान्यले परिपूर्ण छ यो नगरी । निकै दिनसम्म, यो नगर शान्त रह्यो । समृद्ध रह्यो । मुक्त रह्यो ।"

७५

वृद्धको बयान

एक दिन एक्कासि भीमसेन-युगको राक्षसकै एक सन्तान घुम्दैफिर्दै यहाँ आइपुग्यो । कसैले त्यसलाई आफ्ना पुर्खाबारे बताइदियो । त्यस बखतदेखि ऊ दुई कारणले यहाँ राज्य गर्न थाल्यो– १. ऊ यसलाई आफ्ना पुर्खाले आफ्ना लागि अर्जिदिएको मुलुक ठान्न थाल्यो । त्यसले आफूलाई यहाँको राजा घोषित गरिदियो । २. भीमसेनबाट आफ्ना पुर्खाको दुर्गति भएको सुनेर त्यसको मनमा यस एकचक्रा नगरीप्रति उग्र बदलाको भावना प्रज्वलित भएर आयो । त्यसका लागि पनि त्यो यहीँ बास गर्दछ । जङ्गल सदाका लागि त्याग गरेर त्यो नगर-दानव बनिसकेको छ । त्यस कारण त्यो राजामहाराजाकै भेषभूषाले सुसज्जित हुन्छ ।

७६

मैले सोधेँ– "ऊ त्यसरी बसेर विशेष कठिनाइ के भयो र ?"

वृद्धले झस्काउने गरी उत्तर दियो– "ऊ आज पनि, पहिले जस्तै गरी प्रत्येक घरबाट एक जना झिकाएर, त्यसको भक्षण गर्दछ ।"

७७

वृद्धले बयान गर्दै भन्यो– "भन्दछन्, त्यसले ब्रह्माजीको तपस्या गरेर अजेय बन्ने वरदान प्राप्त गरेको छ । ब्रह्माले भने रे 'सबभन्दा पहिले तैँले आफ्नो चारैतिरका जीवजन्तु र राक्षसहरूलाई परास्त गरी तिनलाई भोजन गर्नुपर्नेछ, अनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्तिशाली हुनेछस् ।' त्यसले त्यसैबमोजिम अरिजन-परिजनसहित सारा चराचरको कल्याण गरेछ। अब विश्वमा यही एउटा दैत्य बाँकी छ।"

७८

मैले भनें– "त्यसो भए त यस्तो दुर्लभ प्राणीको त संरक्षण पो गर्नुपर्ने हुन्छ।"

वृद्धले भन्यो– "यसको चाहिँ संरक्षण गर्ने अनि हामीलाई चाहिँ त्यसले सखाप पार्दै छ। यस्तै भयो भने, यो प्राचीन नगरी निर्जन हुनेछ। त्यस बखत यो सिङ्गो नगर, राज्य संरक्षणीय हुनेछ। त्यस बखत नागरिकविहीन नगर पनि त विश्वमा दुर्लभै होला !"

७९

कथा त्यसै गरी दोहोरियो, जुन बस्तीमा हामी बसेका थियौं, त्यो अलिक निर्धन बस्ती थियो। केही मात्र थिए, जो बसीबसी खान सक्तथे। बाँकी सारालाई अन्नले सराप दिएजस्तै थियो, तेरो घरमा मेरो प्रवेश नहोस्।

८०

उसकी आमा सिकिस्त थिई। अफिसमा माग्न गयो, अलिकति पेस्की चाहियो। सबैले सहानुभूति प्रकट गरे। चारैतिर फिँजाइयो, उसकी आमा सिकिस्त भई, अफिस उसका लागि केही गर्दै छ। उसलाई पेस्की दिलाउन, जिएम्देखि प्रशासन र लेखाका ठूलासाना कर्मचारी यति दगुरे, त्यसले कतिलाई त बिरामी नै तुल्याइदियो, तैपनि तिनीहरू दगुर्न छाडेनन्। अफिसका अन्य सारा कार्यकलाप बन्द गरेर भए पनि लागेका थिए। आमाको प्रश्न हो। आमाभन्दा ठूलो संसारमा को हुन्छ र के हुन्छ ?

८१

एक प्रकारले केही दिन पेस्कीबाहेक कुनै कुरा नहुने हुनाले अफिसका कर्मचारीले बिदा पाएसरह नै थियो। हाजिर गरे पनि, नगरे पनि हाकिमसामु पेस्कीको कुरा र उसकी आमाको करुणा बयान गर्दा तलप पाक्तथ्यो।

८२

त्यत्रो संवेदनशीलता र मानवता अनि दौडादौड र स्वाँस्वाँको परिणाम के भयो भने, एक दिन उसकी आमा मरी।

८३

अब आयो काजकिरियाको कुरो। अफिस फेरि एक पटक दिनभरिका लागि पूर्ण मानवतावादी भयो। उसकी आमाको मृत्यु बिहान चार बजे नै भएको थियो। अफिस त्यस कारण बिहानैदेखि उसलाई पेस्की दिलाउन सक्रिय हुन पायो। केही घण्टा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अफिसमा जसले जसलाई भेटे पनि यो भन्ने चलन बस्यो ।

–"ए, उसको पेस्की मिल्यो ?"

–"कोसिस चल्दै छ । त्यसलाई पर्खिंदै छु ।"

८४

साँझ अफिस बन्द भयो । पेस्की नियमले गर्दा मिलेन । ऊ मृतअवस्थामा लडेकी आमालाई हेरिरह्यो ।

८५

भोलिपल्ट एक्कासि ऊ अफिसभित्र पस्यो । सबै चकित, महाचकित भए । यो त किरियामा हुनुपर्ने मानिस अफिस कसरी आइपुग्यो ? केही दिन होलो होला भनेको, के गर्ने ? हतारमा, केही नजानेका तिनीहरू, मुन्टो निहुराएर काम गरेजस्तो गर्न थाले ।

८६

छड्के आँखाले हेरे । त्यो त हाँस्दै आइरहेको थियो, के भयो यसलाई ?

८७

जिएम्ले सोध्यो– "किन आयौ बाबू आजै ?"

उसले भन्यो– "अफिसलाई धन्यवाद दिन ।"

–"केका लागि ?"

–"पेस्कीका लागि ।"

–"पेस्की त नमिलेको होइन र ?"

–"नमिल्नु त स्वाभाविक थियो सर ।"

–"अस्वाभाविक के भयो त ?"

–"पेस्की नमिलेर म चारैतिरबाट निरुपाय भएर बसेपछि आमा नै जुरुक्क उठेर भन्नुभयो– जा अफिसलाई धन्यवाद दिएर आ बाबू, बरु म मुर्दा उठेर बस्यो, तर पेस्की मिलेन । नियमको त्यति पक्का अफिस आजको जमानामा पाइनु असम्भव छ ।"

८८

त्यस कारण म सरहरूलाई धन्यवाद दिन आएको । पेस्की नमिलेकाले नै मेरी आमा फेरि बाँचेर हिँडडुल गर्न थाल्नुभयो । पेस्की मिलेको भए त्यो सम्भव थिएन । अहिले असम्भव पनि सम्भव भएर आयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८९

जिएम्ले मुसुक्क हाँसेर भन्यो– "जसरी भए पनि यो अफिसले प्राण जोगाइदिने त सावित भयो।" उसले घोषणा गर्दै भन्यो– "ल, अबदेखि नियम झन् कडा बनाइदिनू।"

९०

स्वास्नी चामल केलाउँदै चिन्तन गरिरहेकी थिई– यो चामललाई कसरी पकाऊँ, जसले गर्दा घरका सारा मानिस तृप्त होऊन्!

अन्त्यमा उसले निर्णय गरी– चामलको माड नपसाएर नुन छरिदिन्छु, त्यसले त्यो धेरै पनि हुन्छ र नरुच्ने लायक पनि बन्छ। त्यसले पेट भर्न सजिलो हुनेछ।

९१

यद्यपि एकचक्रा नगरी यसो हेर्दा आधुनिक युगमा प्रवेश गरिसकेको थियो, तैपनि प्राचीन परम्परा केही कायम थिए, जसमध्ये आखेट पनि एउटा थियो, तर अचेल आखेटक त्यो मानिस हुन्थ्यो, जो सिकार गरेर सिकारलाई बजारमा बेच्ने गर्दथ्यो।

९२

हामी जुन घरमा बसेका थियौं, त्यहाँ त्यस्तो एउटा आखेटक थियो। तिनीहरूको जीविका प्रायः त्यसैको आखेटको सहाराले चल्दथ्यो। अर्को चाहिँ एउटा साबुन बनाउने कार्यालयमा कर्मचारी थियो। साबुनकम्पनी अक्सर गरेर साबुनभित्र सुन हालेर विज्ञापन गर्दथ्यो, तर कर्मचारीलाई तलप दिने गर्दैनथ्यो। कहिलेकाहीँ बिर्सेर दिन्थ्यो। त्यतिकै आशामा तिनीहरू काम गरिरहेका थिए।

९३

आखेटकले कुनै सिकार पाएन। ऊ थकित भएर घर पसेको मात्र थियो, थाहा पायो, अर्को हप्ता, तर्कासुरकहाँ जाने पालो उसैको घरको हो। आखेटकले पहिल्यै घोषणा गरिसकको थियो, 'अब पालो आयो भने, म जान्छु त्यो राक्षसकहाँ।' त्यसैले घरका अन्य सदस्य ढुक्क थिए।

९४

यता आखेटक भने थर्कमान हुन थाल्यो। जाँड खाएको बेलामा भनिहाल्यो। अब जाँड ओर्लेको वेलामा अर्काको भोजन बन्न जानुपर्ने भयो। आखेटक हुनाले त्यस बखत वीररसले पनि प्रेरित भयो होला। लाग्यो होला, त्यो मोरा राक्षसलाई मार्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कति गारो कुरो हो र ? अब लागिरहेको थियो, मृत्यु अहिल्यैदेखि उसका छेउछाउमा पालो पहरा दिन आइसकेको छ ।

९५

राक्षसको नाउँ कसैलाई थाहा थिएन । लोकले राखिदिएको थियो तर्कासुर । भनिन्थ्यो, ऊ खानुअगि खाद्यपदार्थ अर्थात् खाइने व्यक्तिसित तर्कहरू गर्दथ्यो, त्यसपछि मात्र उसको भोजनको प्रक्रिया प्रारम्भ हुन्थ्यो । विमोचन कुन छेउबाट गर्ने त्यसमा ऊ प्रायः दुबिधाग्रस्त हुन्थ्यो । त्यस कारण ऊ खाद्यव्यक्तिलाई नै यसको चयन गर्ने स्वतन्त्रता दिन्थ्यो ।

९६

तैपनि भनिन्थ्यो, जिब्रो र चक्षु उसका विशेष प्रियपदार्थ हुन्छ । कसरी ज्ञात भयो भने, एक वा दुई पटक उसले जिब्रो र आँखा प्राप्त गरेपछि मानिसलाई शेष जीवन स्वतन्त्रतापूर्वक बाँच्न भनेर आदरका साथ छाडेको पनि थियो ।

९७

कहिलेकहीं एकचक्रा नगरी घुम्न भनेर पनि निस्कन्थ्यो । त्यस बखत तर्कासुर पर्याप्त कल्याणकारी देखिन्थ्यो । सबलाई सोध्दथ्यो– 'केही कष्ट छ कि ?' प्रत्युत्तरमा भन्नुपर्दथ्यो– "कुनै कष्ट छैन हजुर ।" "केही कष्ट छ कि ?" भनेर त्यो त्यस घरका मानिसलाई पनि सोध्दथ्यो, जहाँबाट उसले त्यसै बेलुकी भोजन प्राप्त गर्नु छ । अनि भोजन बन्ने व्यक्ति पनि त्यत्तिकै हात जोरेर भन्थ्यो– "केही कष्ट छैन हजुर ।"

९८

त्यसलाई कष्ट-निवारणको निकै सोख थियो । त्यस कारण ऊ एकचक्रा नगरीमा विभिन्न कार्यक्रम तर्जुमा गरिरहेको थियो । प्रजातन्त्रदेखि पानी र बत्तीसम्म, बत्तीदेखि व्यवसाय र बलात्कारसम्म, बलात्कारदेखि अध्यात्म, शिक्षा र खानपिन सब एउटा प्याकेज कार्यक्रमअन्तर्गत सुचारु र व्यवस्थित रूपमा चलाइएका थिए ।

९९

टिभी आदिका सम्पूर्ण च्यानलहरू सुसूचनाका लागि हाजिर थिए । लाग्दैलाग्दैनथ्यो, यो त्यही द्वापरकालीन गाउँ हो । सारा युगीन उपकरण र सुविधाले सम्पन्न त्यो, अब एउटा ग्लोबल भिलेजको हिस्सा बनेको थियो ।

१००

पाँचतारेपछि सातातारे होटेलसमेत खुलिसकेको थियो । त्यतैतिर बसेर म सूत्रधारको दाइ अमर तस्करी गर्दै सुखद समय बिताउन थाल्यो । तस्करी केको गर्दथ्यो, ज्ञान हुन सकेन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०१

तर्कासुरले लन्डन र वासिङ्टनबाट शिक्षा प्राप्त गरेको थियो भन्ने चर्चा थियो। त्यस कारण त्यो धेरैजसो टाई लगाएरै बस्दथ्यो। अन्य वस्त्र फेरिन पनि सक्तथ्यो। टाई उसको शाश्वत परिधान थियो।

१०२

कहिलेकहीँ तर्कासुरलाई पटचार लागेर आउँथ्यो। त्यस बखत ऊ सडकमा जुलुस र नारा लगाएर हिँड्ने अनुमति दिन्थ्यो, जनतालाई। आफ्नै विरुद्ध नारा लगाउँदै हिँडेको जुलुस देखेर उसको पटचार मेटिन्थ्यो। ऊ मुसुमुसु हाँस्दै आफ्ना दरवारियाहरूसित भन्थ्यो– "कहिलेकहीँ जनतालाई यस्तो पनि गर्न दिनुपर्दछ। यसले साइकोलोजिकल रिलिफ हुन्छ। आफूलाई शक्तिशाली र सम्प्रभु ठानेर धन्य हुन्छन्। अन्त्यमा यी म अजेयका आहारा त हुन्। म अजेयलाई यसले मनोरञ्जन मात्र दिँदैन, एकचक्रामा प्रजातन्त्र छ भन्ने भावना समुन्नत भएर जाग्रत् हुन्छ। ममा यस नगरीका लागि केही गरूँ भन्ने उत्साह पनि पलाउँछ, तर यी बिचरा आहाराहरूलाई किन थाहा नभएको, यहाँ जे दिइन्छ, मैद्वारा दिइन्छ अनि जे लिइन्छ, मैद्वारा लिइन्छ पनि !"

१०३

तर्कासुरको यस भनाइले प्रभावित भएको उसैले पालनपोषण गरेर राखेको विदूषक बोल्यो– "हे राजन्, हजुरको महानताको आकलन गर्ने हैसियत नै यिनको भइसकेको छैन। त्यस कारण यी विरोध त गर्दछन्, तर यिनीहरूलाई ज्ञान छैन, त्यसले हरेक पटक हजुरलाई आनन्दित मात्र तुल्याएको हुन्छ।"

१०४

तर्कासुरले भन्यो– "यिनीहरूलाई थाहा हुनुपर्ने हो, यस भूतलमा अब मै मात्र दैत्य भनिने प्राणी बाँकी छु। त्यसले मेरो मूल्य र शक्ति दुवै कति बढाएको छ !"

१०५

–"त्यसैले रगत बगे पनि, प्राण लगे पनि, गोली चले पनि, दारिद्र्य र भ्रष्टता बढे पनि, हजुरको चित्त किन अशान्त हुने ?"

विदूषकको यस्तो मार्मिक कुरा सुनेको तर्कासुर, झन् शान्त भएर मुसुक्क हाँस्दै खोजीतर्फ पस्यो।

१०६

पस्नुअगि त्यसले उक्त विदूषकलाई एक असर्फी बक्सिस दियो। असर्फी प्राप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेको विदूषक पनि अब भोलि अर्को असर्फी कसरी झार्ने भन्ने उपायबारे गम्भीर चिन्तन गर्दै, स्वास्नीलाई प्रसन्न तुल्याउने हेतुले घरतर्फ प्रस्थान गर्दो भयो ।

१०७

एकचक्रा नगरीमा पहिले मठ, मन्दिर र मूर्तिहरू हुन्थे । भनिन्थ्यो, तेत्तीस कोटी देवताका मूर्तिहरू यहाँ छन् । अब जम्मा गरेर तेत्तीस मूर्तिहरू बाँकी थिए । त्यो पनि मेरो दाइ अमर धेरै दिन बसेका खण्डमा केके हुने हो, भन्न कठिन थियो ।

१०८

मठ र धर्मशालाहरू सारा विभिन्न सरकारी र गैरसरकारी कार्यालयमा परिणत भएका थिए । साइबर क्याफे र साइबर च्याट हाउस जस्ता नाउँहरूले सुशोभित भएका थिए । किशोर, युवा र वृद्धजनसमेत रोमान्टिक मुड लिएर घुम्दै त्यहाँ पुग्दथे । गरिबबाहेक पैसाको कमी कसैसित थिएन ।

१०९

बारहरूमा नृत्याङ्गना नृत्य गर्थे । नवयुवकहरू एक मिनेट हल्लिनका लागि हजार-पाँच सय तिर्ने गर्थे ।

११०

दानवराज तर्कासुर के देखेर आफूलाई सफल मान्न थालेको थियो भने, उसले नगरका सम्पूर्ण जनलाई चिन्तनशील र लगभग दार्शनिक बनाइदिएको थियो ।

१११

प्रायः सोच्दथे, मान्छे प्रायः जीवनलाई दुई दिनको जिन्दगी भन्दछन् । एकचक्रामा जिन्दगी साँच्चीकै दुई दिनको छ । कुन दिन तर्कासुरको निमन्त्रणा प्राप्त होस्, थाहा थिएन । त्यस कारण यो अक्षरशः प्राप्त भएको दुई दिनको जीवनलाई सकेसम्म मोजमज्जा गरेर किन नबिताउने !

यस्तै दर्शन चलनचल्तीमा थियो त्यहाँ ।

११२

एक दिन एउटा नगरवासीले सोध्यो– "तिमीहरूकहाँ कस्तो छ ?"

मैले भनें– "हामीकहाँ यस्तो छैन । प्रजातन्त्र छ ।"

–"प्रजातन्त्र त यहाँ पनि छ ।" नागरिकले भन्यो ।

मैले भनें– "हामीकहाँ यस्तो हुकुमी प्रजातन्त्र छैन । संविधान छ । मानव-अधिकारको आवाज छ । सबै सचेत छन् देशप्रति र त्यसको मायाप्रति ।"

–"हामीकहाँ अधिकारभन्दा कर्तव्यमाथि ध्यान दिने चलन छ ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

–"यति कर्तव्यपरायण छन् यहाँका नागरिक ?"

–"तर्कासुरको यही हुकुम छ ।"

११३

वृद्धले एउटी वृद्धालाई देखाउँदै भन्यो– "यो आइमाई कुनै बखत यौवन र सौन्दर्यले झुसी भएर हिँड्दथी। यसका एकएक अङ्ग हेर्न मानिस चौबीसै घण्टा हुरुक्क भइरहन्थे। एकचक्रा नगरीमा द्रौपदीपछि यही सबभन्दा सुन्दर स्त्री जन्मेकी थिई। द्रौपदी त अझ बाहिरकी थिई। त्यस हिसाबले, एकचक्राकी प्रथम सर्वश्रेष्ठ सुन्दरी थिई। यससित सुत्न त छाडिदिऊँ, यसका आन्तरिक अङ्गको दर्शन मात्र पाए पनि जीवन धन्य हुन्थ्यो भन्दथे। अब यो एकचक्रा नगरीको सबभन्दा वृद्धा स्त्री मानिन्छे। लट्ठी टेकेर हिँड्दछे। निद्रा, दन्त र एक प्रकारले शरीरविहीन थिई। यसका त्यस्ता उत्तेजक अङ्गहरू अब केवल मलमूत्र त्यागका लागि उपयुक्त थिए। समय यस्तै हुँदो रहेछ।"

–"तिमी यो कुरा यति भावुक भएर किन भनिरहेछौ ?"

–"किनभने, मै यसको पति हुँ।"

११४

भनिएको पनि छ, सौन्दर्य पनि यौवनका साथ बिदा हुन्छ। यौवन सौन्दर्यमाथि निर्भर हुँदैन, तर सौन्दर्य सधैँ यौवनमाथि निर्भर हुन्छ। किन होला ?

११५

यी सबको समवेत प्रभाव के पऱ्यो भने, कसैले एक वृद्धलाई भेटेर सोध्यो– "जीवन कस्तो छ ?"

उसले उत्तर दियो– "मलमूत्र पुरीषांचः... यही हो जीवन।"

११६

एक दिन आएर सिपाहीहरूले तर्कासुरको हुकुम सुनाए– "तपाईंहरू यहाँ आउनु हुँदैनथ्यो।"

–"गल्तीले यहाँ आएका छौं।"

–"अब यो गल्ती मात्र रहेन, अपराध पनि भयो।"

–"कसरी ?"

–"दानवराजका हुकुमले। त्यस कारण अब आइसकेपछि तपाईंहरू यहाँबाट जान पाउनुहुन्न।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

–"कारण ?"

–"कहिलेकहीँ दानवराजलाई स्वाद फेर्ने इच्छा हुन्छ।"

११७

यसरी हाम्रो एउटा मामुली यात्रा, धनको लोभले भन्नुपर्‍यो, एउटा ज्यान गुमाउनुपर्ने सङ्कटपूर्ण यात्रा बनेको थियो। अब प्रतीक्षा यही हुन्थ्यो, कुन दिन एकचक्रा नगरीको स्वादले विरक्त भएको दानवराजले हामीलाई आमन्त्रित गरिदिने हो !

यसरी हाम्रा दिन र रातहरू त्रासमा बित्न थाले।

११८

हामी जुन घरमा बसेका थियौँ, त्यहाँ एक विद्वान् बस्दथ्यो। विद्वान् कुनै समयमा मानिँदो हो, अब केवल पेन्सनजीवी मानिन्थ्यो।

११९

बूढो पेन्सन लिन जान्थ्यो। ल्याउन सके ठीक, सकेन भने घरमा सबको अनुहारमा चिम फुटेको हुन्छ। ल्याउन नसक्ने केही कारणहरू थिए।

१२०

सबभन्दा ठूलो कारण थियो, पेन्सन खानेलाई दोस्रो दर्जाको मनुष्य मानिन्थ्यो, दोस्रो दर्जाको नागरिक भनेजस्तै। कारण तिनीहरू अवकाशप्राप्त, पूर्वकर्मचारी थिए। जब थिए थिए, अब त निष्क्रिय थिए। अन्य सक्रिय मानिसको धारणा यस्तै हुन्थ्यो।

१२१

त्यस कारण पेन्सनको रकम आधाजतिलाई पुग्नेजति मात्र पठाइन्थ्यो। बूढो जति विद्वान् भए पनि इन्द्रियहरू शिथिल भएको बूढो थियो। उसको विद्वता त कसैलाई सम्झना थिएन। ऊ ज्यादै वृद्ध भएर बाँचिरहेकोमा सबलाई आश्चर्य र आपत्ति थियो।

१२२

–"यत्रो प्रदूषणले पनि यसलाई छोएन।" एक दिन कसैले भनिदियो। बूढाले सुनेछ। उसले सुनेछ। भन्यो– "बाबूहो, बूढालाई मान्छेले जस्तै प्रदूषणले पनि उपेक्षा गरेर नछोएको हो। मेरा लागि त मान्छे र प्रदूषणमा फरक देखिएन। मान्छे नै बढी प्रदूषण हो। कारण आफैँ विचार गर।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२३

वृद्धको यो भनाइमा नवयुवक मात्र होइन, अन्य पेन्सन लिन गएकाहरू पनि हाँस्न थाले। कुन अर्थमा भने, त्यहाँ सबभन्दा वृद्ध त्यही थियो।

१२४

–"वृद्धहरू प्रदूषण हुन् कि होइनन् ?"

–"एक थरी यो पनि मान्दछन्। उनीहरू यस्ता प्रदूषण हुन्, जसलाई अरूले त प्रदूषित गर्न सक्छ, जो अरूलाई प्रदूषित गर्न सक्तैनन्।"

१२५

अफिसमा भीड हुन्थ्यो, पेन्सन थाप्न आउनेहरूको। वृद्ध पक्षाघातले हानिसकेकाले बिस्तारै हिँड्दथ्यो। प्रायः ऊ पुग्दा एकै दिनअगि पेन्सनको अन्तिम रकम कसैले लगिसकेको हुन्थ्यो। त्यसपछि फेरि बीसपच्चीस दिनपछि मात्र पाइन्थ्यो।

१२६

घरमा छोरानाति र बुहारीहरूबीच बहस भइरहन्थ्यो, बूढो जानीबुझीकन ढिलो पुग्छ कि त्यस्तो स्वतः भएको हो ? यसमा कोहीकोही वृद्धको पक्ष लिने पनि हुन्थे। तिनीहरू आधा पेन्सन पठाउने सरकारको आलोचना गर्दथे। भन्थे– "हुँदाहुँदा पेन्सनमा पनि निर्लज्जता देखाइरहेका छन्। पूरा पेन्सन दिएको भए, जति ढिलो हिँडे पनि बुबाको नाउँको पेन्सन अरूले खाइदिँदैनथे।"

–"यो नगर भ्रष्ट छ र टाट छ।"

१२७

कर्मचारीहरू वृद्ध पस्नासाथ हाँसेर भन्थे– "आज पनि ढिलो भयो सर।" त्यसपछि रोमान्सबारे कुरा गर्न थाल्दथे अथवा आफ्नो कुनै परिचितलाई अमेरिका जाने चिट्ठा परेको कुरा गर्वले सुनाउँदथे।

१२८

एउटी आइमाई उसप्रति सहानुभूतिशील देखिन्थी। त्यो पनि कहिलेकहीँ कठोर देखिन्थी। नियम-कानुनका कुरा गर्न थाल्दथी। प्रत्येक पटक भित्र बोलाएर सोफामा बसाउने त्यो स्त्री, त्यस दिन भन्थी– "यसरी भित्र आइदिन भएन, हामीलाई काम गर्न असजिलो हुन्छ। बाहिर बस्नुपर्‍यो।"

यो ऊ समूहलाई सम्बोधन गरेर भन्थी। समूहमा ऊ पनि पर्दथी।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२९

एक दिन पेन्सन लिने एउटाले भन्यो– "यो मेरै छिमेकमै बस्छे। लोग्नेसित झगडा भएको दिन, यहाँ आएर हामीलाई यस्तो गर्दछे।"

–"के गर्नुपर्‍यो त ?"

–"कि यसलाई सम्झाउनुपर्‍यो कि लोग्नेलाई सपार्नुपर्‍यो।"

सबै हाँस्न थाले– "अब यो उमेरमा आएर आफू त सप्रिन सकिएन, अरूलाई के सपारिएला ?"

१३०

तैपनि त्यो स्त्री सहानुभूतिशील नै हो। यसमा ती पेन्सनजीवीहरूले भने– "यसलाई मात्र थाहा भएजस्तो छ, एक दिन सबले बूढो हुनुपर्दछ।"

–"यो पनि थाहा छ, परिवारमा वृद्ध भएपछि कस्तो मानदान हुन्छ ?"

–"कस्तो मानदान हुन्छ ?" एउटाले सोध्यो।

–"पेन्सन नलिएर जानुस्, थाहा भइहाल्छ।" अगिकाले भन्यो।

१३१

यो सुनेर हाम्रो यो वृद्ध सोच्न थाल्यो– "म त सधैँ पेन्सन नलिएरै जान्छु। त्यस बखत पुत्रकलत्रको मेघवर्ण अनुहार देखेर हृदय कति कालोनीलो हुन्छ ? बोल्दैनन्। आफूले सोच्नुपर्छ, अदपका कारण बोलिरहेका छन्। भात ढिलो दिन्छन्, आफूले सोच्नुपर्छ, तिनीहरूले बिहानको खाए होलान्, मलाई साजी र तात्तातो दिन ढिलो गरेका हुन्।"

तिनीहरूले जेजे गर्छन्, सबलाई मानदान माने भइहाल्यो। सोच्यो, पेन्सन पाएको र बुझाएको दिन तिनीहरूभित्र जुन उत्फुल्लता आउँछ, त्यसलाई पर्खनु पनि रमाइलै हुन्छ।

१३२

एक दिन त्यो सहानुभूतिशील स्त्रीले सिकाई– "सर, तपाईंलाई एउटा उपाय सिकाउँछु। कसैलाई नभन्नुहोला। यहाँ एक गते कहिल्यै पेन्सन दिँदैनन्। त्यसैले कोही पनि एक गते आउँदैन। अगिल्लो महिना धाउँदाधाउँदा थाकेर पनि लिउँला भनेर कोहीले छाडेको पेन्सन कहिलेकहीँ बाँकी रहेको हुन्छ। बाँकी रहेको छ भने, एक गते फस्ट आवरमै आउनुभयो भने पाइन्छ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३३

त्यस दिनदेखि वृद्ध एक गते बिहान चारै बजे हिँडेर अफिस पुग्न थाल्यो । वर्षा, गर्मी, जाडो, सारा ऋतुहरूमा ऊ यस्तो गर्न थाल्यो । त्यसले असर पनि गऱ्यो । परिवारको अनुहार मेघवर्णम् प्रकारको कम हुन थाल्यो ।

वृद्धले ईश्वर र त्यो आइमाईलाई धन्यवाद दियो र पेन्सनको होलो दिन काट्न थाल्यो ।

१३४

वृद्ध सचिव भएर रिटायर्ड भएको थियो । सचिव हुँदा घर आदि सब आवश्यक भएका स्थलहरूमा जोरिसकेको थियो । केही ठाउँमा जग्गा थियो । सम्पत्तिबारे प्रवचन दिँदै भन्थ्यो– "सब विदेश-भ्रमणको भत्ताले जोरेको हो ।" हामी जनता थियौं । हामीलाई सुन्ने बानी परेको थियो । हामी बाजी ठोकेर बस्थ्यौं, सचिव कति प्रतिशत सत्यवादी हो ?

१३५

तर अवकाशप्राप्त हुनासाथ ऊ एक्कासि गरिबमा परिणत भयो । आश्रितमा परिणत भयो । उसको सम्पत्ति बेचेर/बाँडेर पुत्रकलत्रहरू भोग गर्न थाले । आफ्नो योग्य पिताप्रति कृतज्ञ हुन थाले, जसले तिनीहरूलाई जन्मिँदै योग्य बनाइदिएको थियो । नपढेरै 'हाई सोसाइटी'का मनुष्य बनाइदिएको थियो ।

१३६

बूढो केवल पेन्सन ल्याउँथ्यो । त्यसबाटै उसको 'सादा जीवन उच्च विचार' किसिमले गुजारा चलाइदिइरहेका थिए, तैपनि उसलाई सुखी नै मानिन्थ्यो । एक्काइसौं शताब्दीको एकचक्रा नगरीमा, अन्य कति जनाको परिस्थिति झन् खराब मानिएको थियो ।

१३७

यहाँ अब मार्खेजपछि जे.एम्. कोट्जी पढिएला जस्तो छ । उसको चर्चा हुन थालिसक्यो । यहाँका लेखक यस्तै रहेछन् । यस्ताले लेखे तत्काल नतमस्तक हुन्थे । एक चक्राकै लेखकले त्यतिकै वजनदार लेख्दा, त्यसलाई तत्काल आत्महत्या मात्र गर्ने लायक बनाइदिन्थे । कि कागत गराउने तरखर गर्थे, अबदेखि जीवनमा एक अक्षर लेख्दिनँ । लेखकलाई सुख र ऊर्जा प्रदान गर्ने यो सबभन्दा उच्च कोटीको शैली मानिन्थ्यो ।

१३८

त्यही कोट्जीको एउटा पुस्तकमा एउटा वाक्य पढेँ, 'कल नो म्यान ह्यापी अनटिल ही इज डेड ।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो लेखकले पनि अरू कुनै लेखकको उद्धरण दिएको रहेछ।

म यो वाक्यलाई एउटा सूक्ति बनाउने वाक्यका रूपमा लिएर आनन्दित त हुन सक्छु। त्यसलाई सत्य मान्न सक्तिनँ।

यस्तो वाक्य मलाई आत्महत्या गर्नेहरूको मुखबाट निस्केको वाक्य जस्तो लाग्दछ।

१३९

तर्कासुर लेखक, बुद्धिजीवी तथा विद्रोही किसिमका मानिसलाई भोजन बनाउँदैनथ्यो। तिनीहरूलाई थुन्ने अथवा खुप भए आजीवन कारावाससम्म दिन सक्थ्यो। उसका कतिपय जेलहरूमा त्यस्ता प्रकारका कैदी पर्याप्त थिए, तर ऊ तिनीहरूलाई थुन्दा पनि ससम्मान र विधिवत् देवानी-फौजदारी लगाएरै पठाउँथ्यो। यसले गर्दा अपराधीले नै सजाय पाएको भन्ने ठहर हुन्थ्यो। ऊ मानवीय र लेखक आदिप्रति सम्मान गर्ने छवि बनाएरै बसेको थियो संसारमा।

१४०

उसलाई भय हुन्थ्यो, विद्रोही प्रकारका व्यक्तिलाई भोजन गर्न डराउँथ्यो। उसलाई भय हुन्थ्यो, त्यस्ताहरू भित्र गए भने, तिनबाट उसमा चेतनाको स्फुरण हुन बेर छैन। चेतनाको स्फुरणभन्दा हाललाई ऊ विश्वको एक मात्र दानवराज बनेरै, एकचक्राकै भोगचलन गर्न चाहन्थ्यो।

विद्रोही, बुद्धिजीवी आदिको जातैसित उसलाई भित्रदेखि भय हुन्थ्यो। भनिएको पनि छ, जे जति क्रूर हुन्छ, त्यो त्यति डराउने हुन्छ।

त्यस कारण, तर्कासुर क्रूर हुनदेखि पनि डराउँथ्यो।

१४१

सम्भवतः यु.एस्.ए. पुग्न नसकेको त्यो कोलम्बस-समूह त्यसै कारण जोगिन सकेको थियो तर्कासुरबाट, तिनीहरूमा केही बौद्धिक र आफ्नो जमानामा विद्रोह गरेका र जेल आदिको भ्रमण गरिसकेका थिए।

त्यस कारण तिनीहरूलाई जेल राख्दा झन् डर हुन सक्छ भन्ने धारणा दानवराजको हुँदो हो।

१४२

यिनीहरूलाई बरु यी जहाँ जान चाहन्छन्, त्यतै पठाउने बन्दोबस्त गर्ने सुर थियो उसको।

तर अब त्यो समूह भने, आफ्नै देश फर्कन चाहन्थे। चाहिएन अमेरिका।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देशमा केही परिचय त थियो । यहाँ आउनासाथ त्यो पनि हरायो ।

हराएको जीवन किन बाँच्ने ?

१४३

ठूलठूला भवनमा सब थोक पाइन्थ्यो । त्यहाँको माटाका भाँडाहरू पनि चिल्ला, बुट्टा काढिएका र सुगन्धित हुन्थे । सारा घरहरूमा कि त तिनै माटाका भाँडा पनि अपर्याप्त हुन्थे । रङ उडेका वा तिर्पट परेका हुन्थे । तर्कासुरले एउटा नियम बनाइदिएको थियो, को कति गरिब हुने, कति सम्पन्न हुने ।

नियम थिएन भने केवल उसैका लागि ।

१४४

नियम थिएन पनि नभनूँ । उसको नियम उसको इच्छा थियो । उसको इच्छा भयो, कुनै दुर्गम ठाउँमा सिकार खेल्न जाने । तत्काल उसको रथ हिँड्नका लागि नियमानुसार बाटो निर्मित हुन्थ्यो । उसलाई इच्छा भयो, केही समय मदिरा र सुन्दरीका साथ बिताऊँ, ऊ एक सातासम्म कसैसित भेट्दैनथ्यो र एक साता केवल सुरा र सुन्दरीको सेवा प्राप्त गरिरहन्थ्यो ।

त्यस कारण भनिएको पनि छ, बलियाहरूको इच्छा नै विधान हो र विधि पनि हो ।

१४५

एकचक्रा यस्तै विधिविधानमा रमाएको थियो ।

१४६

एउटा कुरा थियो । त्यहाँ हरेक किसिमको आधुनिक सुविधा थियो, तापनि त्यसले आफ्ना धेरै परम्पराहरूलाई जीवित राखेको थियो, किनभने दानवराज परम्परा र संस्कृतिको संरक्षण गर्न कटिवद्ध थियो ।

१४७

एकसेएक अत्याधुनिक भाँडा भए पनि, कतिपय अवसरमा धनी-गरिव सब माटाको भाँडाको प्रयोग गर्दथे । तर्कासुरको धारणा थियो, यसबाट हाम्रो प्राचीन मूर्तिको उद्योग जीवित रहन्छ । कुमालेहरूले जीविका पाउँछन् । सधैँ गरिव रहे पनि बाँच्ने अवसर पाउँछन् ।

१४८

तर्कासुर सधैँ प्राचीन प्रकारको रथकै प्रयोग गर्दथ्यो । गाडीहरूको प्रयोग गर्दथ्यो । रथमा रत्नरौप्य र सुवर्णजटित हुन्थे, तर तिनलाई घोडाहरूले नै तान्दथे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारथीले नै सञ्चालन गर्दथ्यो ।

यसलाई ऊ आफ्नो पुर्खाको भक्ति मान्दथ्यो ।

१४९

यो बेग्लै कुरा हो, एक प्रकारको दैत्यराज रसादिको अत्यन्त प्रेमी थियो । त्यस कारण रथमा चढ्ने बेलामा सधैँ जटित स्थलहरूको निरीक्षण गर्दथ्यो ।

१५०

एक दिन रथको अग्रभागमा रहेको एउटा मणि त्यहाँ थिएन । राजाले क्रोधित भएर केही दरबारियाहरूलाई रत्न खोज्ने कार्यमा खटाइदियो र उर्दी दियो, सात दिनभित्र प्रतिवेदन होइन, त्यो मणि नै मलाई चाहिन्छ ।

१५१

त्यस बखत एकचक्रा नगरीमा प्रधानमन्त्री र मन्त्रीको चलन थिएन । केवल भारदारहरू हुन्थे ।

राजाको यो घोषणाले सारा भारदार दिनरात चिन्तित रहन थाले ।

१५२

तिनका स्त्रीहरूसमेत चकित र चिन्तित । कोही केही भन्दैन, तर सधैँ आलिङ्गन गरेर नथाक्ने तिनका हातहरू कामिरहेका हुन्थे ।

नभनेको कारणचाहिँ के थियो भने, यो कुरो गोप्य राख्नू भन्ने आदेश थियो, जसले तोकिएका भारदारहरूबाहेक अन्यसित कुरा गर्छ, त्यसको शिरले तत्काल पृथ्वीको स्पर्श गर्नेछ ।

१५३

एक समय यस्तो आयो, तीमध्ये कसैलाई भोग छैन, तिर्खा छैन, निद्रा छैन । तिनीहरू आफ्नो बह पोख्न नपाएर सनकी जस्तै आकाशतर्फ हेरेर अस्पष्ट रूपमा बरबराउन थाले ।

१५४

एकसेएक कामुक ती भारदारहरूको तिनताकको अतिब्रह्मचर्यले गर्दा, तिनका पत्नीहरू सशङ्कित हुन थाले, यी कि त क्षमतारहित भए, कि परस्त्री-गमनको कुलतमा परे ।

सोध्ने आँट भने कसैमा थिएन । एक पटक एउटीले सोधी– "हजुरलाई के भयो अचेल ?"

लोग्नेले केही नबोली क्रोधित भएर तरबार झिकिसकेको थियो । पुनः गोप्यता भङ्ग होला भन्ने भयले संयमित भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५५

एक दिन दानवको भान्जाले एक गणिकाको हातमा उक्त मणि देख्यो। देखेपछि–

१५६

भान्जो मनमनै गुन्न थाल्यो, गणिका जतिसुकै सुन्दरी भए पनि, दानवराजले त्यो मणि उसलाई दिएनन् ? नत्र आफैं किन खोज्न लगाउँथे ?

१५७

तर हुन सक्छ सुरापानले लट्ठिएका बखत उनले सारथीलाई त्यो रस झिक्न लगाए र दिए। होसमा नरहेकाले आफैंले गुमाएको मणि आफैं खोजी गर्दै छन्।

१५८

त्यसपछि मणिसहित समातेर उक्त गणिकालाई दरबारमा हाजिर गराइयो। केरकार गरियो।

१५९

अन्त्यमा ज्ञान हुन आयो, दानवराज गणिकाकहाँ मदिरा सेवन गर्न जान्थे। ती बेहोस हुने गरी मदिरापान गर्दथे। उनी बेहोस भएपछि उनको सारथीसमेत गणिकाका साथ मेलजोल वृद्धिका लागि जाँदो रहेछ।

१६०

एक दिन दानवराज बेहोसीमै बरबरायो– "यो संसारमा तेरा लागि सबभन्दा मूल्यवान् मणि मै हुँ। म तँलाई मभन्दा मूल्यवान् मणि दिन मेरो सारथीलाई अराउँछु।"

१६१

यो बरबऱ्याइलाई सारथीले राजाज्ञा ठानेछ र उक्त मूल्यवान् मणि रथबाट झिकेर ल्याएर गणिकालाई चुम्बनसहित दिएछ। त्यो पाएर धन्य भएकी गणिकाले–

१६२

आफूले पनि सारथीलाई चुम्बन गर्दै भनी– "मेरा मणि त तिमी हौ। अबदेखि म दानवराजलाई सधैं यसै गरी लट्ठ्याएर आज्ञा दिन लगाउँछु। तिमीले त्यसैलाई राजाज्ञा ठानेर त्यसैको त्यसको पालन गर्नू।"

१६३

सारथीले गणिकाको दृष्टिमा तर्कासुरभन्दा महत्त्वपूर्ण भएको बुझेर खुसी हुँदै उक्त वचन दियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६४

सारथी र गणिकाले जन्मकैद पाए। तर्कासुरले भन्यो– "गणिकाभोगको तीव्र इच्छा भएको यसप्रति म न्यायशील हुन चाहन्छु। यसलाई गणिकाका साथै जन्म-कैदमा राख्नू। त्यहाँ यसलाई यो गुनासो त रहने छैन, मैले आफ्नै सारथीको इच्छाको हनन गरेँ !"

१६५

सारा वृत्तान्त थाहा पाएका नगरवासी, एकअर्कासित प्रश्न गर्न थाले।

१६६

राजा र सारथी दुवै गणिकाका भोगी हुन् भने, तर्कले त दुवै दण्डका भोगी हुनुपर्ने ?

१६७

तर भनियो, सारथीले मणिचोरीको अपराध गरेको थियो, दण्ड त्यसैका लागि थियो।

१६८

त्यसका लागि दण्ड पाउन सक्तैन सारथीले। उसले त राजाज्ञाकै पालन गरेको थियो।

१६९

त्यो त तर्कासुरका बरबऱ्याइँ मात्र थियो।

१७०

बरबराए पनि, स्वप्नमा बोले पनि राजाज्ञा, राजाज्ञा नै हुन्छ, त्यसको पालन गर्नु सेवकको कर्तव्य हुन जान्छ।

१७१

ती भारदारहरू सबैले मिलेर सारथीलाई दण्ड दिएका थिए। तिनीहरूले नै नगरवासीलाई समुचित उत्तर दिएर साम्य पारी तिनीहरूले भने–

१७२

पहिलो कुरा त राजाले सारथीलाई आज्ञा दिएर मणि ल्याउनू भनेर अराएका थिएनन्। त्यस कारण उसको आफ्नो तृष्णालाई उचित साबित गर्न त्यसलाई आफ्नै मनले राजाज्ञा हो र त्यो मलाई नै दिइएको हो भन्ने स्थापित गऱ्यो। यो दण्डनीय कार्य थियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१७३

अन्य सबै कुरा छाडिदिऊँ। बरबराएकोलाई पनि राजाज्ञा नै मानौँ, तर एक गणिकालाई मणि दिँदा चुम्बन पनि गर्नू भन्ने कुरा बरबराउँदा समेत कतै उल्लेख गरिएको थियो ? सबभन्दा स्पष्ट र उसले उत्तरै दिन नसक्ने अपराध यही थियो। हामीले यसैका लागि उसलाई जन्मकैद दिएका छौँ।

१७४

त्यसपछि नगरवासीको चित्त बुझ्यो। सारथीले राजाज्ञाबिना चुम्बन गर्नु साँच्चीकै दण्डनीय अपराध थियो। त्यसका लागि दण्डित गरेर थिनीहरूले राम्रै गरे।

१७५

एउटाले ठट्टा गऱ्यो– "अब कारावासमा जीवनभरि अपराधबिनाको गणिकाको चुम्बनले गर्दा थाकेर त्यो सारथी अत्यन्त निस्तेज हुँदै जीवन बिताउनेछ।"

१७६

त्यसपछि सन्तुष्ट नगरवासी, नगरमर्यादाको अनि न्यायव्यवस्थाको समेत राम्रो रक्षा हुन सकेकामा भारदारहरूलाई धन्यवाद दिँदै आआफ्नो घर सुत्न भनेर गए।

१७७

तर्कासुरले भोज्य मनुष्यलाई भन्यो– "मैले तँलाई खाइनँ भने, ती सारा मानिसप्रति अन्याय हुनेछ, जसलाई मैले आफ्नो भोजन बनाइसकेको छु।"

भोज्यले याचना गऱ्यो– "हे दानव, तपाईं गरिसकेको कार्य गरिने अन्यायसित तुलना गरेर एक अर्को अन्यायलाई न्यायपूर्ण ठहऱ्याउन खोजिरहनुभएको छ। यस्तो कारबाहीले निर्दोष जनतालाई दोषी ठहऱ्याउँदै, व्यर्थमा दण्डको भोक्ता बनाइदिन्छ। त्यस कारण यस्तो कर्मबाट निर्लिप्त रही मलाई मुक्त गरिदिने याचना गर्दछु।"

तर्कासुरले भन्यो– "मुक्ति विभिन्न प्रकारका हुन्छन्। सबभन्दा ठूलो मुक्ति देहबाट विदेह हुनामा सार्थक मानिन्छ। म तँलाई त्यही सर्वोच्च मुक्ति प्रदान गरेर आफू तृप्त हुन चाहन्छु।"

त्यसपछि केही उत्तर दिन असमर्थ नगरवासी विदेह भयो र तर्कासुर तृप्त भयो। दुवैको काम चलेको मानियो।

१७८

यस्ता तर्कले ऊ आफ्नो जीविका चलाउँदथ्यो। भनिन्थ्यो, यस्ता निरुत्तर तुल्याउने अथवा बोल्ने मौका नदिने तर्कहरू ऊसित कम्तीमा तीस सय पैंसट्ठीवटा थिए। दिनको एक छाकको हिसाबले ऊ त्यसको उपयोग गर्दथ्यो। उसको मौलिकता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि सधैं सुरक्षित थियो, कारण, तर्क सुन्ने व्यक्ति तर्क सुनेपछि पूर्वजन्म लिएर वहस गर्न आउन नसक्ने प्रचलन थियो, यस अनित्य संसारमा ।

१७९

तर्कासुरका धेरै कथा प्रचलित थिए एकचक्रामा । एक पटक उसले एउटा समारोहमा शान्तिका प्रतीक भनेर एकै पटक एक दर्जन परेवा उडायो । त्यसपछि उडिरहेका परेवाहरूलाई आफ्नो बाणद्वारा एकएक गरी धर्तीमा झाऱ्यो । ती घाइते वा मृतक अवश्य थिए, तैपनि शान्तिका प्रतीक नै रहिरहे ।

तर्कासुरको दिव्य सुटिङको प्रशंसा पनि त्यसमा मिसिएको थियो । त्यस दिनदेखि तर्कासुरको वानी नै पऱ्यो । पहिले शान्तिका प्रतीक परेवा उडाएर ताली खाने, त्यसपछि तिनलाई आफ्नो अचुक निसानाले पृथ्वीमा ल्याएर करतल-ध्वनिको श्रवण गर्ने/गराउने ।

१८०

हामी अनौठो स्थितिमा थियौं । न देश फर्कन सक्थ्यौं, न एकचक्रादेखि बाहिर जान सक्थ्यौं । त्यस्तो परिस्थितिमा भएका हामी एक दिन–

१८१

सोच्न थाल्यौं । के गर्ने ? हामीसँग एक जना वृद्ध थिए । उनी भन्न थाले– "यही अवस्थामा बाँचिरह्यौं भने, हाम्रो दशा दुर्वाश्रय ऋषि जस्तो हुनेछ ।"

१८२

–"कस्तो दुर्वाश्रय ऋषि ?" कसैले प्रश्न गऱ्यो ।

१८३

वृद्ध बयान गर्न थाल्यो ।

१८४

प्राचीन युगमा एक जना सिद्ध तपस्वी बस्दथे । जङ्गलमा बस्ने ती ऋषि केवल दूवो खाएर तपस्या गर्दथे । त्यसै कारण उनको नाउँ दुर्वाश्रय ऋषिका नाउँले प्रसिद्ध भयो ।

१८५

ती ऋषिमा अनेक प्रकारका सिद्धिहरूले बास गरेका थिए । त्यस कारण उनीलाई जङ्गलका डरलाग्दा जीवजन्तुले समेत मान्ने गर्दथे । उनी भेटिनासाथ बाटो छाडिदिन्थे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८६

एक दिन ऋषिले कतैबाट आएको श्रीखण्डको सुवास अनुभव गरे। उनलाई स्पष्ट भयो, नजिकै कतै चन्दनवन छ। ऋषिलाई त्यही समय चन्दनवनमा तपस्या गरी बस्ने इच्छा भयो।

१८७

त्यस्तो इच्छा राखेका ती ऋषिले वरपरका अन्य तपस्वी, जीवजन्तु चराचुरुङ्गीसित बिदा माग्दै भने– "अब यस वनमा नफर्कने सङ्कल्प गर्दछु। चन्दनवनमा बस्छु। त्यहाँ मन लागेन भने, अन्य वनमा जान्छु। त्यस कारण मलाई बिदा दिनुहोस्।"

१८८

त्यसरी बिदा मागेर गएका दुर्वाश्रय ऋषि सात दिन सात रात हिँडेपछि मात्र चन्दनवनमा प्रवेश गर्न समर्थ भए।

१८९

त्यहाँ एउटा राक्षस बस्दथ्यो। त्यो पनि निकै शक्तिशाली थियो।

१९०

ऋषिको अनुदारको तेज देखेर त्यो अचम्भित भयो। थाहा पायो, ऋषिलाई अनेक सिद्धि प्राप्त छन्। यो तेज त्यसैको परिणाम हो।

१९१

राक्षसमा ऋषिको सिद्धि प्राप्त गर्ने लोभ उत्पन्न भयो।

१९२

त्यसपछि उसले सम्पूर्ण जङ्गल बारिदियो र पालो पहराको प्रबल प्रबन्ध गऱ्यो।

१९३

राक्षसले ऋषिलाई उर्दी दियो– "कि त तिमी मलाई पनि आफ्ना सिद्धिहरूको भागीदार बनाऊ, होइन भने, जीवनभरि यहाँबाट बाहिर जान पाउँदैनौ। मैले तिमीले खाने वनभरिका दूबोमा पनि आगो लगाइदिएको छु।"

१९४

त्यसपछि दोधारमा परेका ऋषि आफूले बास गरेको पहिलेको शान्त र सुरक्षित वनको सम्झना गर्दै व्यग्र हुन थाले।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९५

वृद्धले यति सुनाएर भन्यो– "हाम्रो दशा पनि त्यस्तै हुँदै छ।"

१९६

त्यसमा एउटा विद्रोही वोल्यो– "यसरी कथा मात्र हालेर हाम्रो मुक्ति सम्भव छैन। विद्रोह भएन भने, त्यो आफ्नो मनुष्यजन्म व्यर्थ तुल्याएर बस्छ। त्यसवाट विद्रोह गर्नुपऱ्यो।"

१९७

–"त्यसमा हाम्रो आवाजलाई शान्त पार्ने तागत छ।"

१९८

–"त्यसैले त विद्रोह चाहियो, नत्रभने त विद्रोह पनि चाहिन्नथ्यो।" युवकले भन्यो।

१९९

त्यसपछि हामी मुक्तिको उपाय सोच्दै समय विताउन थाल्यौं।

२००

एक दिन एकचक्राभन्दा केही पर दुई कोसपरसम्म फैलिएको रातो र कटकटिएको टाटो देखियो। त्यो टाटो पहिले नदेखिएर एक्कासि त्यहाँ देखिएको थियो।

२०१

एकचक्राका र हाम्रा वैज्ञानिक उक्त टाटाको रहस्य पत्ता लगाउने कार्यमा जुटे।

२०२

तिनीहरूले त्यहाँबाट माटाको नमुना लिएर प्रयोगशालामा परीक्षण गर्ने अठोट गरे।

२०३

त्यसमा वैज्ञानिकहरूको राय बाभियो।

२०४

वैज्ञानिक १ : यो रगत नै हो, जुन प्रागैतिहासिक मनुष्यको शरीरबाट बगेको हो। हुन सक्छ, त्यस बखतका दुई समूहमा युद्ध भएर यो रगत बगेको होस् अथवा कुनै विशाल डाइनोसर वा माइनासोर जस्तो कुनै विशाल जन्तुले बगाइदिएको होस्। यो रगत लगभग ६ करोड वर्षअगिको हुनुपर्दछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०५

वैज्ञानिक २ : यो द्वापरयुगको रगत हो, जुन पाण्डव र कौरवको सेनाबीच भिडन्त हुँदा बगेको थियो। डाइनासोर र प्राग्मानवको कहिल्यै भेट भएन, कारण डाइनासोर हुँदा मानव थिएन अनि मानव हुँदा डाइनासोर थिएन। त्यस कारण यो तर्क मान्य छैन।

२०६

वैज्ञानिक ३ : माथिका कुराहरू स्वैरकल्पना मात्र हुन्। यो, तर्कासुरले विभिन्न समयमा खाद्यसामग्रीका रूपमा प्रयोग गरेको, एकचक्रा नगरीकै बासिन्दाहरूको रक्त हो। उसले कुनै कारणवश त्यसलाई छोप्न लगाएको थियो, अनि त्यसै गरी कुनै कारणवश यो एक्कासि देखा परेर आयो।

२०७

यी कुरामा सहमति हुन सकेन। त्यस कारण वैज्ञानिकहरूले बेस प्रतिवेदन तयार पार्न सकेनन्।

२०८

एउटा कुरामा भने, सबै वैज्ञानिक सहमत भए।

२०९

राक्षसले एकचक्रावासीलाई खान भने सक्तथ्यो। कारण, दुनियाँमा अन्य सबै खाद्यान्नको अनिकाल पर्न सक्छ, तर मनुष्यवालीको अनिकाल कदापि पर्न सक्तैन। त्यस कारण नरभक्षी कहिल्यै भोको पर्दैन वा अन्य नागरिकझैँ भोको मर्दैन।

२१०

अर्को निष्कर्ष के निकालियो भने, एकचक्रा नगरी जतिसुकै आधुनिक प्रविधि र उपकरणले सुसज्जित भए पनि भित्रबाट यो नगरी द्वापरयुगभन्दा लगत्तै नगरीभन्दा बढी विकसित भएको छैन। ठीक भगवान् श्रीकृष्णको समाधिपछिको एकचक्रा नगरी। तर्कासुर यो रहस्य जान्दछ।

२११

तिनीहरू एउटा साततारे होटेलमा अफिसको पैसाले रक्सी खाइरहेका थिए।

२१२

खाँदाखाँदै आफ्नो हाकिमलाई अर्को सानो हाकिमले भन्यो– "अब म यो जागिर त्यहाँ बसेर खाँदै खान्नँ। सरुवा गरिदिए खान्छु। त्यहाँ त अब भोलिदेखि आउँदै आउन्नँ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

–"ठीकै छ, छाडिदिनुस् न त, तपाईंलाई गारो छ।" हाकिमले भन्यो– "यस देशमा मान्छेको कमी छैन, बुझ्नुभयो, जागिर कमी छ।"

–"म जस्तो अनुभवीलाई यस्तो भन्ने ?"

–"तपाईं जस्तै अनुभवी नै त अवकाश प्राप्त गर्ने लायक हुन्छन्।"

२१३

भोलिपल्ट सानो हाकिमले आफ्नो पुरानै ठाउँमा गएर हाकिमलाई भन्यो– "हिजो बढी लागेछ सर।"

–"बढी होइन, राम्रो लागेछ।" हाकिमले भन्यो– "तपाईं जस्तो सत्यवादी र विद्रोहीले भनेको कुरा घतलाग्दो तथा उपेक्षा गर्न नमिल्ने लागेकाले मैले यहाँ अर्कै मानिस राखिसकें।"

सानो हाकिम सोच्न थाल्यो, यो नगरमा जाँड खाँदा लागेर बोलेको कुरा नै लागू हुने रहेछ।

२१४

त्यसले फार्महाउस बनाएको थियो। रमणीय। जीवजन्तु पालेको थियो। कहिलेकहीं पाहुना आउँदा पाहुनाको हैसियत अनि इच्छाअनुसार काटेर ख्वाउँथ्यो। पाहुनाको हैसियत भए मात्र भनेको जीव काटिन्थ्यो। हैसियत नहुँदा बजारबाट ब्रोइलर मगाएर स्वागत गर्दथ्यो।

२१५

फार्महाउसमा पोखरीहरू थिए। हाँसहरू खेलिरहन्थे। मान्छे भन्थे– "यी हाँस सिद्धार्थको जमानाका त्यही हाँसका सन्तति हुन्, जसको देवदत्तले सिकार गरेका थिए, अनि सिद्धार्थले औषधी गरेर छाडिदिएका थिए।" मानिस ती हाँसलाई हेर्दै त्यो कथाको स्मरण गर्दथे। ती हाँस एक हजार थान थिए।

२१६

एक बिहान त्यस्ता महत्त्वपूर्ण सारा हाँस पानीमा मरेर उल्टेर उत्रिरहेका देखिए। अत्यन्त दुखी भएको त्यो सोच्न थाल्यो, अब यस्ता ऐतिहासिक हाँस कहाँ पाइएलान् ? यी मानवजीवनजत्तिकै दुर्लभ हाँस थिए। मानवजत्तिकै सजिलोसित सखाप भएका थिए।

२१७

भोलिपल्ट देख्यो, पोखरीमा पालेका सारा माछाहरू मरिरहेका थिए। कसरी मरे,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसबारे भेटेरिनरी डाक्टरले समेत भन्न सकेन। केवल– "अनुसन्धान नगरी भन्न सकिन्न। अनि अनुसन्धान हाम्रो हातमा छैन।"

२१८

पर्सिपल्ट देख्यो, परेवा पालेको खोपबाट परेवा उडेनन्।

२१९

गएर हेऱ्यो। सारा परेवा मरिरहेका। भोलि दस दर्जन परेवा सप्लाइ गर्नु थियो शान्तिकामनासहित उडाउन। यी त तर्कासुरले झार्नुअगि नै झारिदिए। कुनै नवीन समारोह थियो। अब परेवै नभएपछि के गर्ने ? तिनले बिगारेको शान्ति तिनले नै उडाउन नपाउने भए।

२२०

प्रत्येक दिन एकएक थरी पालिएका जीवजन्तु मरेर शून्य भएको फार्महाउसमा त्यो भयका कारण बस्न नसक्ने भयो। जीवजन्तु हुँदा कमसेकम जीवितहरू वरिपरि छन् भन्ने आड थियो। त्यसलाई अन्त्यमा आफ्नो त्यो जग्गा र घर मानी, माटो वा जेको भाउमा भए पनि बेचेर एकचक्राको शान्त नागरिक भएर बस्दो भयो।

२२१

हामी बसेको छिमेकमा एउटा घर थियो। फुसको। त्यहाँ आठ जनाजति सदस्य बस्दथे। गरिब थिए, यो नभने पनि हुन्छ। आठ जनाको परिवारमा खेतालाका रूपमा काम गरेर कमाउने अनि वृद्ध आमाबाबुसहित सबको मुखमा माड लगाउने एउटै छोरो थियो। सङ्कलक नाउँ गरेको त्यो व्यक्ति नाउँअनुरूप दिनभरि अत्यन्त कठोर परिश्रम गरेर अन्न सङ्कलन गर्दथ्यो।

२२२

यसरी भए पनि उसले आफ्नी एउटी बहिनीको बिहे, एक उचित कुलमा गर्ने बन्दोबस्त मिलाइसकेको थियो।

२२३

यसरी दुखजेलो गरेर पनि सुखपूर्वक आफ्ना मातापिताको पेट भर्न समर्थ भइरहेको सङ्कलकलाई–

२२४

एक दिन तर्कासुरले खाने योजना बनायो। उसले सङ्कलकलाई आमन्त्रित गऱ्यो, आएर मेरो भोजन बनिदेऊ। इमानदार, परिश्रमी र दरिद्रतामा पनि सुखी रहन सक्ने तेजस्वी र शुद्ध व्यक्तिको स्वाद लिन नपाएको धेरै दिन भइसक्यो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२२५

घरमा हाहाकार मच्चियो। द्वापरयुगझैँ तर्कासुरको युगमा जो गए पनि हुने सुविधामा कटौती गरिएको थियो। जसलाई आमन्त्रित गऱ्यो, त्यसैले जानुपर्ने चलन थियो।

२२६

हामी धेरै दिनदेखि तिनका छिमेकी रहेका हुनाले तिनको निर्दोषपनाबाट प्रभावित हामी–

२२७

अब त केही नगरी भएन, तर के गर्ने ?

२२८

यस प्रश्नले हामीलाई निकै दिन सतायो। तर्कासुरले सङ्कलकलाई भोजन बनाउने दिन अलिक पछि तोकेको थियो। उसको दयालुताका कारण यस्तो गरिएको भनिन्थ्यो। दयालुता के भने, सङ्कलक अझै केही दिन स्वतन्त्रता र परिश्रमपूर्वक हिँडडुल गर्न र कमाएर आफ्ना आमाबाबुका लागि धन सङ्कलन गर्न समर्थ होस्। त्यसले गर्दा ऊ आफू यस संसारमा नभए पनि आफ्नो परिवारको पेट विधिपूर्वक भरेर आमाबाबु र परिवारको सेवाको पुण्य कमाउन सक्षम बनोस्।

२२९

निकै समय सोचेपछि उही पहिलेकै विद्रोही युवकले भन्यो– "यस राक्षसका लागि पनि त कुनै भीमसेन होला, जसरी ऊ राक्षसका लागि थियो ?"

२३०

हुन सक्छ। चित्त बुझ्यो। लौ अब यसका लागि एउटा नयाँ भीमसेन खोज्नुपऱ्यो। सब भीम खोज्न थाले। पूरा एकचक्रा नगरी भीम खोज्न थाल्यो। सङ्कलक जस्तो निर्दोषको प्राण जोगाउनैपर्दछ।

२३१

अलिअलि हामीले र अलिअलि समयले गर्दा एकचक्रा नगरी बिउँझिन थालेझैँ देखियो। सबै सलबलाउन थाले। सङ्कलकलाई जसरी भए पनि जोगाउनुपर्दछ। ऊ गयो भने हाम्रो सब जान्छ। हामी तर्कासुरलाई समाप्त पार्छौं। एउटा भीमसेन फेला परिदेओस्, त्यति हो।

२३२

एकचक्रा नगरीका नागरिकहरूको एउटा शाश्वत प्रकारको प्रश्न भइसकेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो, एकअर्कालाई सोध्ने– "भीमसेन फेला पऱ्यो ?"

कहाँ छ भीमसेन ? हाम्रो त्यो भीमसेन, जसले तर्कासुरलाई ठीक पारोस् ।

२३३

तर्कासुरलाई ठीक पारोस् । के तर्कासुर बिरामी थियो ?

२३४

हो, केही दिनदेखि साँच्चीकै तर्कासुर बिरामी थियो । उसको रोग पनि एकचक्राभरि चर्चाको विषय बनेको थियो । धामी, झाँक्री, वैद्य, होमियोप्याथ, राष्ट्रिय र अन्तर्राष्ट्रिय चिकित्सकहरूको एउटा सेमिनारै आयोजना गरियो । रोग पत्ता लगाउन ।

२३५

रोग पत्ता लागेन । हल्ला पत्ता लाग्यो । कोही सार्सले ग्रस्त भन्थे तर्कासुरलाई । कोही भन्थे, बेलाबखत तर्कासुर लगभग सात दिनसम्म रोगको हल्ला पिटाउँछ र आफू सिकार खेल्न हिँडिदिन्छ अथवा गणिकालाई काखमा लिई मदिरा सेवन गर्छ, तर हुनेलाई यी हल्ला पनि असत्य हुन सक्ने पूरा समाधान हुन्थ्यो ।

२३६

नभन्दै सातदिने उक्त सेमिनारमा रोग त पत्ता लागेन नै, तर स्वयं तर्कासुरको पत्ता लाग्यो कि लागेन, त्योसमेत पत्ता लागेन । डाक्टरहरू तर्कासुर भनेर कोही अरूकै उपचार गरिरहेका थिए कि के थाहा ? तिनलाई रोगीको अनुहार हेर्ने अनुमति थिएन । रोगी भिन्न पनि हुन सक्थे । कहिले सार्स जस्तो लाग्दथ्यो भने कहिले एड्स अनि कहिले हृदयरोग । त्यस कारण चिकित्सकहरू आफ्नै योग्यतामाथि सन्देह गर्दै खिन्न हुँदै फर्केका थिए । हो, तिनको उचित फीस र अन्य व्यवस्था भने भव्य थियो । त्यस कारण खास खिन्न पनि थिएनन् ।

२३७

खुसीलाई खिन्नतामा परिणत गरेर सफलतापूर्वक देखाइरहेका थिए ।

२३८

दस दिनपछि एकचक्रामा स्वत:स्फूर्त खबर फिँजियो, तर्कासुर स्वस्थ्य भइसक्यो । रमाइलो के थियो भने, चिकित्सकहरूको त्यत्रो विशाल भीड हुन्जेल उसको भयानक रोगग्रस्त हुने चर्चा आइरह्यो, चिकित्सकविहीन हुनासाथ ऊ पूर्ण स्वस्थ्य भएको खुसियालीमा एकचक्रामा दीपावली गर्ने व्यवस्था गरिएको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२३९

त्यसपछि एक दिन तर्कासुरले घोषणा गऱ्यो ।

२४०

जसले मलाई सबभन्दा प्रसन्नचित्त राख्नेछ, त्यसलाई म धनधान्य पदप्रतिष्ठा सबवाट सुसम्पन्न गरिदिनेछु । यस्तो कुनै सुख हुने छैन, जुन भोग गर्नदेखि त्यो वञ्चित रहोस् ।

२४१

चिकित्सकहरूले उसलाई एकमुखले राय दिएका थिए । उसले हरक्षण प्रसन्न रहनुपर्नेछ । उदासी उसका लागि घातक सिद्ध हुन सक्नेछ ।

२४२

त्यसैले आफू स्थायी रूपमा प्रसन्न रहिरहन उसले त्यस्तो घोषणा गरेको थियो । कारण–

२४३

मानिसको सबभन्दा प्रसन्न हुने कुरा, आफ्नो प्रशंसाभन्दा बढी सुखदायी स्थिति कुनै हुँदैन । अनि मानिस नै आफ्नो अदम्य चाकरी गर्ने साहस र सामर्थ्यद्वारा मनुष्यलाई सधैं प्रसन्नता प्रदान गर्न सक्ने एक मात्र प्राणी हो, यस ब्रह्माण्डमा । (यहाँ मङ्गल, चन्द्रमा वा अन्य कुनै ग्रहमा प्राणी हुन सक्ने सम्भावनालाई समेत ध्यानमा राखिएको छ ।)

२४४

तर्कासुरको घोषणाले एकचक्रामा महान् क्रान्ति ल्याइदियो । अन्य केहीले ल्याउन नसकेको क्रान्ति, एउटा घोषणाले क्षणभरिमा ल्याइदियो । सुविधा र सम्पन्नतामा कति शक्ति हुँदो रहेछ, यसवाट यो महान् सन्देश पनि प्राप्त हुन्छ ।

२४५

रातारात तर्कासुर एकचक्रा नगरीको परमनायक, महानायक भयो । एकचक्रामा कुरा गरिने विषय एक मात्र थियो– तर्कासुरको क्रान्तिकारी घोषणा ।

२४६

नरहरू तर्कासुरको भवनको वरपर मात्र मडारिन थाले । एकचक्राका एकसेएक सुन्दर नारीहरू उसलाई राति त छाडिदिऊँ, मध्याह्नसमेत उसलाई स्वप्नमा देख्न थाले । देख्न लालायित रहन्थे । कुनै दिन देखेनन् भने, अत्यन्त दुखी र भग्नहृदय हुन्थे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४७

विभिन्न तहका प्राणी, आफू तह लागिन्छ कि भन्ने उद्देश्यले तर्कासुरको एक झलक पाउन लालायित हुन थाले ।

२४८

प्राणी त्यसै भनिएको होइन। मनुष्यका साथै तर्कासुरको घोषणापछि सुविधायुक्त जीवनको खोजमा अन्य जीवसमेत आउन थालेका देखिए ।

२४९

त्यस्तैमा एक दिन कसैले खबर ल्यायो, एउटा चौपाया अत्यन्त योग्य भएकाले कुनै आयोगको सदस्य बनाइएको थियो। चौपाया धमाधम एकचक्राका नागरिकलाई पुर्जी काट्न थालेको छ। आयोगको काम थियो, नागरिकको स्वप्न रेकर्ड गर्ने। त्यसपछि स्वप्नको प्रकार, सङ्ख्या आदि सबैको तथ्याङ्कसहित विस्तृत प्रतिवेदन प्रस्तुत गर्ने ।

२५०

धेरै समयको दिनरातको परिश्रमपछि आयोगले प्रतिवेदन सार्वजनिक गऱ्यो। प्रतिवेदनअनुसार ९९ प्रतिशत स्वप्न एकचक्राका स्त्रीपुरुष तर्कासुरकै देख्दथे। चौपायाको ठाउँमा आफू राखिएको देख्दथे। स्त्रीहरू प्रायः पटरानी बनेको स्वप्न देख्ने गर्दथे। यो सारा एकचक्रावासीको अनिवार्य दिनचर्या थियो। यसमा धनी-गरिबको कुनै प्रकारको विभेद थिएन ।

२५१

तर यी सब समय कटानका लागि गरिएका मनोरञ्जन पनि हुन सक्थे। कसैले आजसम्म न त्यो चौपायालाई देखेको थियो, न त्यसको नियुक्तिपत्र। त्योभन्दा रहस्यमय र रोमाञ्चक कुरो थियो, कसैले आजसम्म त्यो भाग्यशाली चौपायाको नाउँ बताउन सकेको थियो ।

२५२

–"त्यो जीव कुन हो ?" प्रश्न आयो ।

एउटाले भन्यो– "कुखुरा हो भन्ने सुनिन्छ ।"

–"मूर्ख, त्यो जीव चौपाया पनि हुनुपऱ्यो। दुईखुट्टे त कुखुरा मात्र किन, मान्छे पनि त हुन सक्छ ।"

–"सुनिन्छ, त्यो युनिक कुखुराका चारै खुट्टा थिए। पछि मान्छे जस्तो बन्छ कि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनेर दुई खुट्टा काटेका थिए। मान्छे त त्यो बन्न सकेन, बरु काटिएका खुट्टा जोडेर, त्यो मान्छेभन्दा उच्च कोटीको मानियो, कमसेकम केही स्थानमा, होइन त ?"

२५३

मानिस एकअर्कालाई चिन्ने र नचिन्ने खेल चल्न थाल्यो। कसलाई चिन्दा तर्कासुर रिसाउने हो, कसलाई नचिन्दा। ठूलो मान्छे हुनेहरूलाई नचिनेर पनि कहिलेकहीँ विद्रोह प्रकट गरिन्थ्यो। उदाहरणका लागि–

२५४

दुर्गादत्त र रामप्रसाद दुई मित्रका रूपमा एकचक्रा नगरीका छिमेकीसमेत भई जीवन व्यतीत गर्दै दुर्दिन एक दिन दुर्दिनसमेत बित्ला भनेर पर्खिरहेका थिए। दुवैले धेरै काम गरे, तर कमाउन सकेनन्। तिनको एउटा मित्र थियो। ठूलो ओहोदामा थियो। वर्षौं प्रयत्न गर्दा समेत उक्त मित्र व्यस्त मात्र भइरह्यो, भेट्न भने भ्याएन।

२५५

धेरै दिनपछि दुर्गादत्त र रामप्रसादको परदेशमा भेट भयो। दुवैमा निम्न प्रकारले वार्तालाप चल्न थाल्यो :

रामप्रसाद : तिमी सरोज शर्मालाई चिन्छौ ?

दुर्गादत्त : को सरोज शर्मा ?

रामप्रसाद : जो अहिले सचिव छ।

दुर्गादत्त : अहँ, चिन्दिनँ।

रामप्रसाद : मलाई जस्तै अझै तिमीलाई पनि आफ्नो मित्र भन्छ।

दुर्गादत्त : भन्छ कि मान्छ ?

रामप्रसाद : भनेपछि मान्दो पनि होला।

दुर्गादत्त : आफ्नो कारणले भन्दो होला।

रामप्रसाद : त्यो भनेको के ?

दुर्गादत्त : पहिले म चिन्थेँ, अब चिन्दिनँ।

रामप्रसाद : एउटै मान्छे हो, यस्तो कसरी हुन्छ ?

दुर्गादत्त : म जान्दिनँ, ऊ एउटै मान्छे हो कि होइन ?

यति भलाकुसारी गरेर दुवै मित्र कामको खोजी गर्न र महिना दिनपछि भेट्ने बाचा गरेर छुट्टिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२५६

एकचक्रा नगरीमा विश्वास हरायो। एकै परिवारमा पनि कोही कसैलाई विश्वास नगर्ने भयो। यसको कारण थियो, एउटा हल्ला। दानवराजले केही मानिसलाई आफ्नै घरमा के कुरा गर्छन् सब एकएक गरी सुनाउनू भनेर खान्की तोकिदिएको थियो। कारण मामुली थियो। तर्कासुर यस्तो सोखद्वारा पनि दिन काट्ने गर्दथ्यो। विशेष गरी परिवारमा कोही ठगिएको छ, कोही पढेलेखेर पनि नोकरीविहीन छ अथवा कुनै वृद्ध वा बालक वा जोसुकै पनि भोकले लस्तपस्त भएको खबर छ भने, ऊ अत्यन्त मनोविनोद गर्दथ्यो। त्यसै गरी विनोदी भावमा भन्थ्यो– "त्यति भएर पनि बाँचिरहेका छन्, तिनको रेजिस्टेन्सलाई मान्नुपर्दछ। यो एक्काइसौँ शताब्दीमा यस्तो भयो ? अहिलेसम्म त तिनीहरू कि ईश्वरकहाँ कि मकहाँ पुगिसक्नुपर्ने।"

२५७

त्यसैले विश्वासको कुरो आयो। त्यही परिवारको वृत्तान्त सुनाउने नोकरी पनि अरूले खाइदेला/पाइदेला भनेर, सबै भित्रभित्र प्रयत्नशील र त्रस्त दुवै थिए।

२५८

एक दिन कुरा यस्तो चल्न थाल्यो।

–मानिस सबभन्दा विश्वसनीय र निर्दोष कहिले होला ?

–मानिस सबभन्दा विश्वसनीय र निर्दोष र स्नेही तब हुन्छ, जब ऊ मृत हुन्छ।

–मेरा मातापिता अहिले सबभन्दा विश्वसनीय छन्, किनभने ती यस दुनियाँमा छैनन्।

२५९

अन्त्यमा यी सारा खेलबाट एकचक्राका नागरिक थाके। हामी थाक्यौँ। केही सोच्नुपर्‍यो। के ? विद्रोह। कसरी ? एउटा भीमसेन खोज्नुपर्‍यो। हामी सबैको उद्धार त्यसैले गर्छ। सबैको चित्त बुझ्यो। भीमसेनको खोजी हुन थाल्यो।

२६०

एकचक्रामा तीन भीमसेन रहेको पत्तो पाइयो। द्वापरयुगीन भीमसेनबाहेक। यी तीनमध्ये बलशाली कुनचाहिँ होला ? मुक्तिदाता कुनचाहिँ होला ? त्यसको खोजी हुन थाल्यो।

२६१

यसमा पहिलो र तेस्रो त हुँदैन, तैपनि सुविधाका लागि भनिदिऊँ। पहिलो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीमसेनलाई भिसा दिलाएर अमेरिका पठाइएको रहेछ। एकचक्रामा त्यस्तो नियम थिएन तापनि।

२६२

दोस्रो भीमसेन, हामी यस क्षेत्रमा आउनुअगि नै मरिसकेको रहेछ। तेस्रो भीमसेन कहाँ होला ? सबैको जीवनको उद्देश्य नै यही भयो, तेस्रो भीमसेनको खोजी। सबै त्यतैतिर लागे। हामीसमेत।

२६३

तेस्रो भीमसेनबारे धेरै किंवदन्ती थिए।

२६४

तेस्रो भीमसेनलाई देशनिकाला दिइएको छ। उसको विद्रोहका कारण। यसले हामीमा केही आशा त उम्र्यो, तर केही ओइलायो पनि। त्यसलाई कहाँ फेला पार्ने र कसरी ल्याउने ?

२६५

केही नागरिकको भनाइ थियो, ऊ सिकिस्त बिरामी छ। जीवनका अन्तिम क्षणहरूमा ऊ, कोहीसित भेट्ने चाहना पटक्कै राख्दैन।

२६६

यसका साथै अर्को समाचार आयो, तेस्रो भीमसेन भूमिगत छ, एकचक्रामै छ, तर कहाँ छ,कसैलाई थाहा छैन उसको वासस्थान।

२६७

उसको घर खोज्न थालियो। उसका नातेदारका घरहरू थिए, तर उसको घर थिएन। मातापिता वा अन्य उत्तरदायित्व लिनुदिनुपर्ने कोही छैन। जो नातेदार थिए, ती भीमसेन नाउँ लिन पनि अरुचिकर मान्दथे। कुन्नि के हुने हो नाउँ लिँदा !

२६८

केही भद्रभलादमीको अडकल थियो, ऊ पनि शक्तिसञ्चय गरेर तर्कासुरलाई पराजित गर्न तपस्या गर्न गएको छ। एकचक्रामा तपस्या, त्याग, सेवा जस्ता शब्दहरू अनौठा र उत्खनन गरेर झिकिएका जीवाश्म जस्ता लाग्न थालिएका थिए। यस मानेमा एकचक्रा नगरीले द्वापरयुग त छाडिदिऊँ, एक्काइसौँ शताब्दीलाई समेत पछि पारेको देखिन्थ्यो।

२६९

तैपनि एउटा कुरा मान्नुपर्दछ। मानिस सहज हुन सकिरहेका थिएनन्। सहज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनलाई तिनीहरू प्राकृतिक/अप्राकृतिक साधनको सहारा लिँदै थिए, सबभन्दा प्राकृतिक माध्यम थिए, दिनरात तिनीहरू निदाइरहन्थे। दोस्रो प्राकृतिक कार्य तिनीहरू ओछयानमै सम्पन्न गर्दथे, ननिदाएरै।

त्यसका लागि एक असहज कन्याको व्यवस्था गरिन्थ्यो विधिपूर्वक। यसले दुवै थरी सहजतातर्फ लम्किने गर्दथे।

२७०

तर्कासुर कहिलेकहीं एकचक्राको एक साततारे होटेलमा विश्राम गर्न जान्थ्यो। केही दिनपछि नगरवासीलाई बोधार्थ प्राप्त हुन्थ्यो, नगरकी कुनै सुन्दरी गर्भवती भई।

२७१

–केही महिलाले यसको विरोध गर्न खोजेका थिए।

–केही भयो ?

–भयो।

–के भयो ?

–तिनीहरूका लागि अलग्ग जेलको निर्माण भयो।

२७२

तिनैताक हो। कसैले एउटा गम्भीर खबर ल्यायो, तेस्रो भीमसेन कारागारमा छ। थुनामा। अब त त्यसलाई मुक्त तुल्याउनु हाम्रो प्रथम कर्तव्य थियो। अनि मात्र त्यसले हामीलाई मुक्त गर्ने सम्भावना हुन सक्थ्यो।

२७३

एक दिन हामीले जेलको भित्ता एक ठाउँमा फेरिदियौं। त्यसअगि भीमसेनलाई चिन्न एक जना विशेषज्ञ झिकाइएको थियो।

२७४

भीमसेनका साथ कैयौं कैदी मुक्तिको सास फेर्न बाहिर निस्के। लगभग सबै। एकै छिनपछि ती सबै फेरि जेलभित्रै पसे। हामी पिँजराका उड्न नसक्ने चरा जस्तै भइसक्यौं। हामी भीमसेन होइनौं। बाहिर हाम्रो झन् दुर्गति हुन्छ। खान पाइन्न। यहाँ कमसेकम भोकै मर्न दिँदैनन्। मरे पनि भोकले मऱ्यो भन्दैनन्। अन्यायअत्याचारले मऱ्यो होला भन्नेछन्। यस्तो खबरले भीमसेनलाई सघाउ नै पुग्नेछ, जुन हामी बाहिर निस्कियौं भने पुग्दैन। तिनीहरूले भने।

२७५

यो भीमसेनलाई हेरियो। निकै बलियो जीउडाल थियो। ठीक उहिलेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीमसेन जस्तो । लाग्दथ्यो, जसरी तर्कासुर द्वापरयुगीन राक्षसको पुर्ख्यौलीमा जन्मेको थियो, त्यसै गरी यो भीमसेन पनि उही भीमसेनको सन्तति अर्थात् वंशज हो । यो राक्षसको संहार गर्न जन्मेको ।

२७६

उसको दिनचर्या पनि लगभग त्यस्तै थियो । दिनको कैयौं घण्टा ऊ मल्लयुद्ध तथा अन्य व्यायाम गर्नमा खर्च गर्दथ्यो । उसको भोजनको मात्राले पनि हामीलाई प्रभावित तुल्याएको थियो । चकित तुल्याउँथ्यो । लाग्दथ्यो, यसको शरीर मात्र होइन, यसका सारा बानीबेहोरसमेत ऊ भीमसेनसित ठ्याम्मै मिल्दछन् । यसले अवश्य एकचक्रा नगरीको उद्धार गर्छ ।

२७७

ऊ एक बाल्टिन दूध सजिलैसित खाइदिन्थ्यो । एउटा सिङ्गो खसी र आधा क्विन्टल चिउरा आरामले भोजन गर्दथ्यो । एवम् रीतले उसको भोजनको फेहरिस्त बन्थ्यो ।

२७८

नागरिकहरूले आश्चर्य प्रकट गरे । प्रश्न गरे, यति भोजन तिमीलाई जेलमा कसरी उपलब्ध हुँदो हो ? जेलका पहरेदारहरू नै मैले खाएको रमिता हेर्न चाहन्थे, भीमसेनले भन्यो, त्यसैले तस्करीद्वारा मलाई मेरो खाद्यपदार्थ जुटाइदिन्थे । त्यसको साटो मैले केवल उनीहरूका सामु नै खानुपर्दथ्यो ।

२७९

नागरिकहरूले भने– “हामी त धेरै दिन त्यतिका खाद्यपदार्थ जुटाउन सक्तैनौं ।”

भीमसेनले भन्यो– “त्यसो भए मलाई जेलभित्रै पठाइदेओ । निकाल्यौ किन ? म त्यहीं आरामले बसेर आफ्नो जीवन सुखपूर्वक बिताइरहेकै थिएँ । प्रश्न केवल एउटा जीवन बिताइदिनुको न हो ?”

२८०

हामी सारालाई उसको जीवनको यो दर्शनले अचम्भित र केही निराससमेत तुल्यायो । यो त जीवनबारे यस्तो सोच्दछ । यसले के गरी हाम्रो उद्धार गर्ला ?

२८१

तैपनि सबैले मिलेर उसलाई उक्त उद्देश्यका लागि तयार तुल्याउने हेतुले भन्दा भए– “हे भीमसेन, तिमीलाई हामीले जेलबाट झिकेको एक प्रवृत्ति उद्देश्यको परिपूर्ति गर्नाका खातिर हो ।”

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

–"कस्तो उद्देश्य हो, म पनि जान्न पाऊँ न ?" भीमसेनले जिज्ञासु र सतर्क हुँदै प्रश्न गऱ्यो ।

"हामी चाहन्छौँ ।" नागरिकहरूले भने– "तिमीले पनि पूर्वकालमा पाण्डुपुत्र महाबली भीमसेनले जस्तै गरी हाम्रो उद्धार गर ।"

यति सुनेपछि यो तेस्रो भीमसेन आफूलाई झन् अनभिज्ञसमान प्रकट गर्दै एकतमासले नागरिकहरूतर्फ एकोहोरो हेरिरह्यो ।

२८२

धेरैबेरपछि भीमसेन बोल्यो– "हे श्रेष्ठ नागरिक जन, तपाईंहरूको तात्पर्य मलाई अझै खुल्न सकेन, त्यस कारण म बेलीबिस्तारमा जान्ने अभिलाषा राख्दछु ।"

त्यसपछि नागरिकहरूले सत्यतथ्य बयान गर्दै भने– "द्वापरयुगमा जसरी एक राक्षसले यस एकचक्रावासीलाई सताएको थियो, त्यसै गरी तर्कासुर त्यसै राक्षसको वंशज रहेछ र हामीलाई आज पनि त्यसै गरी सताइरहेछ । उस बखत जसरी भीमसेनले एकचक्रावासीको उद्धार गरी तिनीहरूलाई त्यसको त्रासबाट मुक्त पारेका थिए, अब तिमी भीमसेनले पनि आजको यो तर्कासुरदेखि हामीलाई छुटकारा दिलाउनुपऱ्यो । कारण, यहाँ अहिले प्रत्येक लक्षणले भीमसेनसमान तिमी नै समर्थ छौ ।"

त्यसपछि नागरिकहरू तेस्रो भीमसेनको अनुहारको निरीक्षण गर्न थाले ।

२८३

यता यो तेस्रो भीमसेन सुन्नासाथ लगलग कामछुट्दो भयो, पसिनाले भिज्दो भयो र कालोनीलो अनुहारले मण्डित भएको त्यो त्रस्त भएर भन्यो– "नागरिकहो, तपाईंहरू यो कस्तो प्रहसन मेरा सामु प्रस्तुत गरिरहनुभएको छ ?"

–"भीमसेन, यसमा प्रहसनको कुरो छैन, न तिमी विदूषक नै हौ । हामी अत्यन्त गम्भीर भएर यो प्रस्ताव तिमीसमक्ष राख्दछौँ । यो नबिर्स, तिमी भीमसेन हौ ।"

–"हे महाजनहरू, तपाईं यो किन बिर्सिनुहुन्छ, मेरो नाउँ मात्र भीमसेन हो !"

–"तिम्रो शरीर र भोजन पनि त मिल्दोजुल्दो छ ।"

भीमसेन एक छिन निरुत्तर भयो ।

२८४

तत्काल पुनः चैतन्यमा फर्केझैँ उसले भन्यो– "हजुरहरू, मेरो शरीर, भोजनको मात्रा र भीमसेन नाउँसित पाण्डुपुत्र भीमसेनको न कुनै सरोकार छ न तुलना ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी त त्यति भोजन ग्रहण गर्ने म, स्वयम् भोजन बन्नेछु। त्यस कारण आफ्नो मुक्तिको कुनै अन्य मार्ग खोज्नुहोस् र निर्धोलाई मुक्त गरिदिनुहोस्। कारण, तर्कासुर र मेरा बीच केही पनि तुलनीय छैन।"

नागरिकहरू गम्भीर भए। धितो राखिएका हामी पनि गम्भीर भयौं।

२८५

हामीमध्ये एक जनाले भन्यो– "सम्भवत: तिमीले आफ्नो शक्तिको परीक्षण कहिल्यै गरेका छैनौ, त्यसले पनि सम्भव छ, तिमी आफ्नो अपार शक्तिदेखि अनभिज्ञ छौ। हाम्रो आकाङ्क्षा छ, तिमी त्यो परीक्षण तर्कासुरमाथि नै प्रथम पटक गर। विजयी भयौ भने त फेरि तिमी के हुन्छौ, भन त ?"

हाम्रो उद्देश्य थियो, उसलाई जसरी भए पनि फकाईफुल्याई तर्कासुरसित भिड्न पठाउने, तर यो पट्ठो अत्यन्त त्रासद मनस्थितिमा देखिन्थ्यो।

२८६

उसले भन्यो– "यो अनुमान पनि उचित हुन्थ्यो, म सक्कली भीमसेन भएको भए। तपाईंहरू नै सोच्नुस्, यो कस्तो अन्याय होला ? यता म नक्कली भीमसेन हुँ, उता भने तर्कासुर सक्कली राक्षस हो। एउटा नक्कली भीमसेन सक्कली राक्षससित युद्ध गर्न जानु एकातिर सोझो मूर्खता हो भने, तपाईंहरूतर्फबाट यो घोर अन्याय हुनेछ। युद्धमा योद्धाका बीच यत्रो असन्तुलन न देखिने न सुनिने कुरा हो। त्यस कारण यसबाट म सोच्न पनि चाहन्नँ, तपाईंहरूको चित्त राख्नका निमित्त यस विषयलाई विचाराधीन पनि राख्न चाहन्नँ। यो नक्कली भीमसेन यहाँहरूलाई प्रणाम गर्दै स्पष्ट रूपमा प्रस्ताव अस्वीकार गर्दछ।"

२८७

हामी कसैसित अन्य कुनै मार्ग वा गल्लीसमेत थिएन। त्यसबाट दृढ भएका नागरिक र हामीले भन्यौं– "जेसुकै भने पनि, हामीसित कुनै अन्य उपाय नभएकाले, तिमीले नगई सुखै छैन। हाम्रो अठोट पनि तिमीलाई स्पष्ट भएको हुनुपर्दछ।"

यो सुनेपछि असहाय अनुभव गर्ने तेस्रो भीमसेन, दोबाटोमै थचक्क बसेर रुन थाल्यो। त्यो केही मनोरञ्जक पनि थियो। उसैले अगि भनेझैं प्रहसनात्मक। ऊ साँच्चीकै विदूषक देखिइरहेको थियो।

अनि हामी ? हामी के थियौं, जो एक विदूषकका सहायताले मुक्ति प्राप्त गर्न चाहिरहेका थियौं।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८८

अन्त्यमा तेस्रो भीमसेन बलजफ्ती गयो। रुँदै-कराउँदै गयो, तर गयो। हामी परमआशावादी भएर त्यसैको प्रतीक्षा गर्न थाल्यौं। के ठेगान ? आजसम्म प्रतिद्वन्द्वी नदेखेको तर्कासुरले प्रतिद्वन्द्वी देख्नासाथ पराजय मानोस् अथवा सन्धिसम्झौता गर्न तत्पर होस्।

२८९

ती दिन लाग्यो। त्यसले हाम्रो आशावादमा झन् वृद्धि भएको थियो। नत्र तीन दिन केका लागि ? वार्ता गर्न गएको त होइन ऊ ? विजय गर्न गएको थियो।

२९०

तेस्रो दिन ऊ अत्यन्त मन्द गतिमा हामीतर्फ आइरहेको देखियो। अचम्म के भने, ऊ त्यतिकै मन्द गतिमा मुसुक्क हाँसिरहेको थियो। त्यसो भए तर्कासुर पराजित भयो त ? आशा यस्तै हुन्छ कहिलेकहीँ आशङ्कामिश्रित।

२९१

आउनासाथ भीमसेनले भन्यो– "मैले त नियुक्ति पो पाएँ।"

–"के भन्छ यो ?"

–"मलाई तर्कासुरले एकचक्रा नगरीको प्रथम प्रधानमन्त्री नियुक्ति गरिदिए। मेरो भोजनको पनि असीमित व्यवस्था गरिदिए अर्थात् मेरो भोजन कति हुने, त्यो मै निर्धारित गर्नेछु। कसैलाई ख्वाएर सत्यापन गरिरहनुपर्नेछ।"

त्यसपछि तर्कासुरबाट एकचक्रा नगरीलाई मुक्ति दिलाउन गएको यो भीमसेन नगरीको प्रथम प्रधानमन्त्री भएर, तर्कासुरकै दैनिक मनुष्यभक्षणलाई व्यवस्थित प्रकारले सञ्चालन गर्दै बस्न थाल्यो।

हामीलाई यसमा हाँसो पनि उठ्यो। त्यसमा निराशा पनि मिश्रित थियो, भनिरहनु पर्दैन।

२९२

हामीमध्ये केही नेता जस्ता पनि थिए। ती पनि यहाँ एक्लो अनुभव गर्न थाले। हामी सबै एक्लो अनुभव गर्न थालेका थियौं। काठमाडौँको सम्झनाले नराम्ररी सताउन थालेको थियो। हामीले सम्पन्न हुन यात्रा गरेका थियौं। अब आफ्नो त्यो राष्ट्रिय निर्धनता नै अत्यन्त प्रिय लाग्न थालेको थियो।

२९३

एक दिन हामीले भीमसेन भेट्यौं। हामीले भन्यौं– "तिमी त अब प्रधानमन्त्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनिहाल्यौ । तिमी नमान्लाऊ, तर त्यसमा अप्रत्यक्ष सहयोग त हाम्रो पनि हो ।"

प्रधानमन्त्रीले भन्यो– "हो महानुभावहरू, त्यस घटनामा रिस्कजति मेरो थियो, सहयोग तपाईंहरूको थियो, यो म कहिल्यै बिर्सिने छैन ।"

२९४

–"त्यसो भए हाम्रो एउटा काम गरिदेऊ ।" हामीले भन्यौं ।

–"मर्जी होस् ।" त्यसले विनम्रतापूर्वक भन्यो ।

–"हामीलाई यहाँबाट मुक्त गरेर काठमाडौं पठाउने बन्दोबस्त गरिदेऊ । हामी तर्कासुरका वास्तविक बन्दी पनि त होइनौं । हामी वास्तवमा संयोगका बन्दी हौं ।"

भीमसेन प्रयास गर्छु भनेर हिंड्यो ।

२९५

यस पटक पनि ऊ तेस्रो दिन नै आयो । आउँदा त्यस्तै मन्द गति र स्मित-हास्यका साथ प्रवेश गऱ्यो ।

–"के सन्देश ल्यायौ हाम्रा लागि ?" हामीले सोध्यौं ।

–"दानवराजको विचार छ, अहिले तपाईंहरूले गर्दा यहाँ सब थोक सन्तुलित र शान्त छ । तत्काल जाने कुरा नगर्नुहोस् । बरु उहाँ तपाईंहरूका लागि एकचक्रा नगरीलाई काठमाडौं बनाइदिन तयार हुनुहुन्छ । त्यस्तो नसकेका खण्डमा आफ्नो पराजय स्वीकार गरी तपाईंहरूलाई तत्क्षण काठमाडौंका लागि प्रस्थानको प्रबन्ध गरिदिनुहुनेछ ।"

यो कुराको कुनै उत्तरै थिएन अहिले हामीसित ।

२९६

हेरौं न त ! यस्तो भाव थियो हामीमा । कुनै गल्ती त गर्ला । उसको गल्तीले मुक्ति पाउने उत्कट चाहना पाल्न थाल्यौं ।

२९७

एकचक्रालाई काठमाडौंमा परिणत गर्ने काम थालियो । धरहरा र घण्टाघर ठड्याइयो । त्रिचन्द्र कलेज र विश्वविद्यालय बनाइयो । हामी चकित भएर हेरिरह्यौं, उनीहरू कसरी बनाउँदै गइरहेका थिए । त्यतिकैमा सिंहदरबार पनि बनाए । अन्त्यमा काठमाडौं निर्मित भयो । उस्तै घर, धनीका बेग्लै गरिबका बेग्लै प्रकारका । प्रदूषण पनि उत्पन्न गरिदिए ।

२९८

हामीले विरोध गऱ्यौं– "प्रदूषण त किन उस्तै चाहियो ?"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तर आयो– "यति प्रदूषण भएन भने, तिमीहरूलाई सास फेर्न असह्य हुन्छ, काठमाडौँवासीलाई ।"

हुन पनि हामी पहिलेभन्दा राम्रोसित हाम्रो श्वासप्रश्वास चल्न थाल्यो ।

२९९

हामी सबै घुमीघुमी हेर्न थाल्यौँ । अब गल्ती भेट्टाउन । हामीले एउटा महत्त्वपूर्ण गल्ती फेला पनि पाऱ्यौँ , के थियो त्यो ?

३००

त्यहाँ काठमाडौँको नारायहिटी थिएन । अहिलेसम्म हाम्रो सम्पर्क केवल भीमसेनमार्फत भएको थियो तर्कासुरसित । भीमसेनलाई यो ठूलो भूल देखाएर सन्देश पठायौँ, अब हामीलाई मुक्त गरियोस् ।

भीमसेन हाम्रो खबर लिएर गयो ।

३०१

तर्कासुरको जवाफ आयो– "नारायहिटी एउटाको भने जानेरै अनुकृति बनाइएन । काठमाडौँको रेप्लिका बनाइयो । नारायहिटीको बनाइएन । त्यसो गर्दा मेरो भवन हटाउनुपर्ने हुन्थ्यो । अनि मैले नारायहिटीको मौलिकतालाई स्पर्श गरिनँ, किनभने मलाई मेरो वासस्थानको मौलिकता प्यारो छ ।"

हामी चुप लाग्यौँ । चुप लागेर सारा काठमाडौँ हेर्न थाल्यौँ । हाम्रो मनमा एउटा अनौठो शान्ति व्याप्त भयो । हामी प्रसन्नताले उफ्रीउफ्री कहिले न्युरोड पुग्दथ्यौँ, कहिले सुनधारा । बालाजुको पनि भ्रमण गऱ्यौँ । यो सोधौँ, कहाँकहाँ गएनौँ !

भन्न मन लाग्यो, मेरो काठमाडौँ । यद्यपि त्यो निर्मित काठमाड़ौँ थियो । रेप्लिका । तैपनि कति आनन्ददायी अनुभव ? हामीले काठमाडौँ पाएका थियौँ, त्यही आनन्द ।

३०२

निकै दिन बितेपछि एक दिन एक जना हाम्रा वरिष्ठ नागरिकले भने– "अब यो पनि पुग्यो ।"

–"किन ?"

–"किनभने, यसले निर्जनता बढाएको छ ।"

–"कसरी ?"

–"हामीबाहेक काठमाडौँका आफन्त, इष्टमित्र त छैनन् । त्यस्तो काठमाडौँको के अर्थ ?"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

–"निर्जन त यो छैन नि ?"

–"सबै मानिस भने एकचक्रा नगरीकै छन्, त्यसलाई के भन्ने ?"

सबलाई लाग्यो, यो वयोवृद्ध व्यक्ति उचित भनिरहेको छ ।

३०३

हामी अब फेरि मुक्तिकामी भयौँ । यस पटक हामीले निर्णय गऱ्यौँ, तर्कासुरलाई प्रत्यक्ष भेटौँ । समय जति लागोस् ।

३०४

अन्ततः हामी तर्कासुरलाई भेट्न समर्थ भयौँ । हाम्रो मनमा एउटा योजना थियो । हामीसँग धेरै एकचक्राका नागरिकहरू पनि साथमा गएका थिए ।

३०५

वास्तवमा हामीसँग दुईवटा प्रश्न थिए । तिनको उत्तर तर्कासुरले दिएका खण्डमा हामी पराजित हुन्थ्यौँ । कैदमा बस्नुपर्ने हुन्थ्यो । रेप्लिका काठमाडौँमा कैद । उत्तर दिन सकेन भने, ऊ पराजित हुन्छ, त्यसपछि के होला ।

के उसले यो हाँक स्वीकार गर्ला ?

३०६

उसले स्वीकार गऱ्यो । भेट्न केही समय लाग्यो, त्यति हो । भीमसेन, तर्कासुरको घरैपिच्छेको दैनिक भोज्य सामग्रीको व्यवस्थापनमा पनि लागिरह्यो, प्रधानमन्त्रित्व पनि चलाइरह्यो । एक प्रकारले सफल नै थियो ऊ ।

३०७

हाम्रा प्रश्न वा हाँक के थिए ?

उत्सुकता यही होइन ?

तयार हौँ । ती दुई प्रश्नलाई ।

३०८

सारा एकचक्राका नागरिक र हामीसमेत मिलेर तर्कासुरलाई सोध्यौँ– "हे तर्कासुर, हामीले सुनकौ छौँ, तिमी आफूलाई यस पृथ्वीमा साँच्चीकै सबभन्दा शक्तिशाली मान्दछौ रे ! सोच्दछौ तिमी, जे पनि गर्न सक्तछौ ?"

–"तिमीहरूले सत्य सुन्यौ मेरा अतिथि र प्रजाहरू ।" तर्कासुरले आफ्नो विनम्रतामा निकै गर्व मिलाएर भन्यो ।

–"त्यस्ता शक्तिशालीलाई हामी केवल दुई प्रश्न गर्न चाहन्छौँ, त्यो प्रश्न तिम्रो सामर्थ्यको प्रतीक्षा हुनेछ ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३०९

–"तिमीहरू यस्तो कुरा गरिरहेका छौ, जसको उत्तर प्रश्न गर्नुअगि नै प्राप्त भइसकेको छ। म सर्वशक्तिमान् छु भने, त्यसको उत्तर स्वतः उपलब्ध भइसकेन र ? कि कोही छ, यस भूतलमा मलाई अझै हाँक दिने ?"

३१०

–"होइन, त्यस्तो त कदापि होइन। तिमीलाई हाँक दिने अरू पृथ्वीमा कोही छैन। तिमीले हाम्रो प्रश्नअनुसार उत्तर दिन वा कार्य सम्पन्न गर्न समर्थ भएनौ भने, यी प्रश्नहरू नै तिम्रा प्रतिद्वन्द्वी भएर तिमीलाई हाँक दिनेछन्।"

तर्कासुर निश्चिन्त भयो। हाँस्यो। भन्यो– "सोध मलाई, के सोध्नु छ ?"

३११

–"के तिमी आफैँलाई नाघ्न सक्छौ ?" प्रश्न गरियो।

तर्कासुर अलिक आवेशमा आयो– "यो कसरी सम्भव छ ?"

हामीले भन्यौँ– "त्यसो भए तिम्रो जीवनमा यस्तो एउटा काम छ, जुन सम्पन्न गर्न तिमी समर्थ छैनौ ?"

तर्कासुर साँच्चीकै निरुत्तर भयो।

३१२

–"हाम्रो दोस्रो अनुरोध के छ भने, कि त तिमी हामीसहित एकचक्रा नगरी वा सारा नागरिकलाई एकै गाँस तुल्याऊ, सक्छौ भने। होइन भने, आफ्नो असमर्थता पुनः स्वीकार गर। कारण, यस्तो प्रस्ताव आएपछि पनि एकएक व्यक्ति गरेर भोजन गर्नु तिम्रो असमर्थताको द्योतक हो। के भन्छौ ?"

तर्कासुरले हामीलाई पुलुक्क हेऱ्यो। दुवै कुरा सम्भव थिएनन्। कारण, यस्तो कसैले सोध्ला भन्ने उसको मनचित्तमै थिएन। भएको भए, यी वरदानहरू पनि माग्ने थियो, ब्रह्माजीसित।

तर अब समय बितिसकेको थियो। ऊ निरुत्तर भयो। त्यसपछि उसले घोषित गऱ्यो– "मलाई वडेवडे योद्धाले पराजित गर्न सकेका थिएनन्। आज तिमीहरूले केवल वचन र तर्कद्वारा मलाई पराजित पारिदियौ।"

त्यसपछि तर्कासुर आफ्नो कक्षतर्फ लाग्यो।

३१३

हामीले त्यति भन्यौँ। तर्कासुरले त्यति सुन्यो। त्यसपछि अब उसैले के गर्छ, पर्खनु मात्र थियो। पराजयले मानिसलाई झन् बढी आक्रोशयुक्त र विवेकरहित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनाउन सक्छ। हुन त तर्कासुर शान्तभावले नै बिदा भएको थियो, तर फेरि त्यसै गरी शान्त अनुहार कुटिलता लुकाउन पनि प्रयोग गरिन्छ भन्ने पनि छ। त्यस कारण भनिएको हामी भयमिश्रित आशा अथवा आशामिश्रित भयका साथ प्राण धानिरहेका थियौं।

३१४

भीम पनि भेट भइरहेको थिएन। हामीलाई लाग्न थाल्यो, बन्दी बनाउने थालनी उसैबाट त भएन ? त्यसो भए त हाम्रो मुक्ति कहाँ छ ? मुक्ति कि मृत्यु, कहिलेकहीँ यो छुट्ट्याउन कठिन हुँदो रहेछ। हाम्रो स्वप्न त्यसैमा हुर्किन थाल्यो।

३१५

अब त फेरि झरेर तेस्रो भीमसेनलाई खोज्नुपर्ने देखियो। उसबाट केही त थाहा होला ? तर थाहा होला भनिएको व्यक्तिलाई नै थाहा छैन भन्ने बेला आएको थियो। अब त यति पनि थाहा हुन छाड्यो, ऊ जीवित छ कि छैन ? पहिले त यही पत्ता लगाउनुपर्ने भयो, तर ऊ जादुमा जस्तै गायब थियो।

३१६

भीमसेनको घरका मानिस खोज्न थाले। उसको अभावमा घरभरि अभावैअभाव चारैतिर छरिएको देखिन्थ्यो। धान आदि थिएनन्। अभावकै बिस्कुन। त्यसैलाई कुटेर पकाएर खाने स्वाद लिन थाले उनीहरू। स्वाद कस्तो थियो, सोध्न सकिएन। अभावको बिस्कुन, अभावको भातको स्वाद। अभावसितै मुछेर खाने। हामीलाई थाहा भयो, अब केही दिन भीमसेन भेटिएन भने, यिनीहरू अभाव खाएरै प्राण त्याग गर्नेछन्।

३१७

प्रधानमन्त्रीको परिवार नगरको सबभन्दा निर्धन हुने राजमार्गमा निर्धक्क हिँडिरहेको थियो। हामी जोगाउन पनि नसक्ने थियौं। हामी आफैं जोगिनलाई भीमसेनको खोजीमा थियौं। जो स्वयम् आश्रित थियो, त्यसले अरूलाई आश्रय के गरी देला ?

३१८

पछुताउ पनि लाग्न थाल्यो। हामीले त्यस्तोसित बौद्धिक कुरा गरेका थियौं, जो मात्र आक्रमणको भाषा जान्दछ। त्यो केवल आक्रमण गर्दछ, बोल्ने वा सोध्ने गर्दैन। तर्कासुरलाई उसको जीवनमा पहिलो पटक हामीले सोच्न बाध्य गरेर पठाएका थियौं। त्यसैको पछुताउ थियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३१९

कैयौँ दिनपछि भीमसेन कुहिरामा घामले चियाएझैँ मुलुक्क देखा पऱ्यो। ऊ अनावश्यक रूपमा गम्भीर थियो। के थाहा, आवश्यक रूपमै थियो कि ? नजिक आउन थाल्यो। हामी अत्यास, सुख र प्रतीक्षामा उभिइरह्यौँ। छिटोछिटो हिँडोस् भन्ने आशाका साथ।

३२०

उसले हतार पटक्कै देखाएन। केवल गम्भीरता देखाइहाल्यो। नजिक आयो। एक वाक्य बोल्यो। फरक्क फर्केर हिँड्यो, नचिनेजस्तै गरेको थियो। त्यसले हाम्रो अत्यासमा निकै वृद्धि गराएको थियो। उसले भनेको अपरिचित एक वाक्य। हाम्रो भाग्य/दुर्भाग्य, हाम्रो मुक्ति/मृत्यु, हाम्रो शीतलता/हुरीबतास, केके भन्ने हो ? वाक्य यो थियो– "तिमीहरूलाई तर्कासुरले बोलाएको छ।"

छैन त यो वाक्य त्यस्तै ?

३२१

तर्कासुर सामुन्ने ओहोरदोहोर गरिरहेको थियो। हामीसित कुनै बोली थिएन। अवाक्। त्यत्रा वैज्ञानिक, लेखक, नेता, पत्रकार, अबोला रूपमा उभिएका थिए। तर्कासुर के बोल्छ ? यही मात्र प्रतीक्षा।

३२२

तर्कासुर बोल्यो। मुख उघाऱ्यो। हार्ट अटेक हुने भय हुन्छ यस्तोमा, तर नसुनी धर थिएन। कान त्यतै थिए।

३२३

तर्कासुरले भन्यो– "म जीवनमा पहिलो पटक तिमीहरूबाट पराजित भएँ। बिनायुद्ध, बिनाहतियार, बिनाशक्ति, बिनामल्लयुद्ध। पहिलो पटक यस्तो पराजय भोगेँ मैले। बुद्धिले दिने पराजय, झन् भयानक हुँदो रहेछ। त्यस कारण मैले केही निर्णयहरू गरेको छु, ध्यानले सुन।"

हामी ध्यानले मात्र होइन, ध्यान गरेर सुन्न थाल्यौँ। भावातीत अवस्थामा।

३२४

उसले भन्यो– "आजदेखि म तिमीहरूलाई पूर्ण मुक्त गर्दछु। तिमी मन लागे यहीँ बस, मन लागे घर फर्केर जाओ, तर त्योभन्दा मेरो अर्को निर्णय महत्त्वपूर्ण छ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३२५

के भन्न आँटचो ? भन्यो– "यो पराजयपछि म पनि अब म यहाँ बस्दिनँ । म कहाँ जान्छु, त्यो म बताउँदिनँ । तिमीहरू जहाँ जाँदै छौ... हुन सक्छ... म पनि... म यति मात्र भन्न सक्छु । म जहाँ पनि जान सक्छु । तिमीहरूले रोक्यौ । अरू कसले मलाई रोक्ने, यस अखिल विश्वमा ?"

३२६

ऊ आफ्नो अपार शक्तिप्रति अझै सचेत र गर्वयुक्त पनि थियो । हुन पनि उसलाई कल्ले रोक्ने ? हामीले धेरै सोध्न चाहेनौँ । हामीलाई आफ्नो मुक्तिको खुसी र यात्राको आनन्दबारे भित्रबाट आनन्दित हतारले छोपिरहेको थियो । यो मोरो जहाँसुकै जाओस्, हामीलाई के ? हामीलाई त आफ्नो गन्तव्यको ज्ञान थियो, विशुद्ध काठमाडौँ । आफ्नो असल र खराबका साथ उभिएको आफ्नो काठमाडौँ ।

३२७

अब थाहा भएको जति हामी काठमाडौँमा बसेका थियौँ, त्यतिकै हामीभित्र काठमाडौँ बसेको रहेछ । अहिले छुट्टिएपछि थाहा भएको थियो ।

३२८

हिँड्ने बेलामा एउटाले सोधिहाल्यो– "यो उत्तर दिन तिमीले यति दिन किन लगायौ त ?"

तर्कासुरले हामी सबैलाई हेऱ्यो । धेरैबेरपछि बोल्यो– "हामी जस्ताले पराजय स्वीकार गर्न कठिन हुँदो रहेछ । यतिका दिन, म आफूलाई शान्त तुल्याउने प्रयासमा थिएँ । मेरो मनमा दिनरात हुरी चल्दथ्यो । म वास्तवमा सारा तिमीहरूलाई लहरै उभ्याएर सुट गर्न चाहन्थेँ । अब यहाँबाट जाऊ, नत्र खतरा बढ्न सक्छ तिमीहरूको ।"

हामी लगभग भाग्ने शैलीमा त्यहाँबाट हिँडेका थियौँ ।

३२९

हाम्रो यात्राको तयारी चलन थाल्यो । स्वदेश फर्कँदै थियौँ । हाम्रो जीवनबाट कोलम्बस ओर्लिसकेको थियो । हामीले आफ्नै लुगा फेऱ्यौँ । अब हामीलाई काठमाडौँबाहेक कतै जानु थिएन । लागिरहेको थियो, स्वप्नबाट वास्तविकताको धर्ती टेकिसकेका थियौँ । अविस्मरणीय स्वप्न । अविस्मरणीय वास्तविकता । अविस्मरणीय धर्ती । त्यसको स्पर्श । कति शीतल र आनन्ददायी थियो ? मुक्तिका साथ आएको यथार्थ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३३०

हामी एकचक्रा नगरीका नागरिकहरूसित भेट्न थाल्यौं । भावुक पनि भयौं । धेरै । एकचक्राका नागरिक कृतार्थ थिए । उनीहरू पनि त अब हामीजतिकै स्वतन्त्र थिए । जुन घरमा हामी बसेका थियौं, त्यहाँका स्त्रीपुरुष रुन थाले । स्नेहले । छुट्टिन लागेकाले । अब कहिल्यै भेट हुँदैन भनेर । हामी पनि रुन थाल्यौं । आँसुसित आँसु साँट्नु एउटा बेग्लै अनुभूति/अभिव्यक्ति हुँदो रहेछ ।

३३१

हामी हिंड्यौं । फेरि त्यही ठूलो डुङ्गा । बिस्तारो बग्न थाल्यो । एकचक्रा नगरीलाई बिदा भन्यौं । त्यहाँको दरिद्रतालाई बिदा । हामीले काठमाडौंमा पनि त आफ्नो दरिद्रताको स्वागत गर्नु थियो । त्यस कारण बिदा र स्वागत ।

३३२

एक्कासि हामीले देख्यौं, पानीमा उत्रिरहेका मानिस र अन्य पनि ग्रामीण शवहरू थिए । गन्नु सम्भव थिएन । तिनै शवका बीचबाट हामी आफ्नो यात्रा हिंडिरह्यौं । लास बाघ, भालु, चराचुरुङ्गी वा मानिस, जेको पनि हुन सक्थ्यो । हामीलाई शङ्का लाग्यो, कतै तर्कासुर पनि हामीसितै यात्रा गरिरहेको छैन, अदृश्य रूपमा ? अथवा यो दृश्य उसैले देखाएको दृश्य त होइन ? यसमा भय पनि थियो, तर यात्रा रोक्नु थिएन । चलिरह्यो ।

३३३

अन्त्यमा हामीले हाम्रो नदीको तटलाई स्पर्श गऱ्यौं । हामी त्यो स्पर्श पाएपछि भावुक भएर बग्न थाल्यौं । कस्तो जीवन थियो हाम्रो ! कस्तो यात्रा थियो हाम्रो ! हजारौं वर्षको यात्रा जस्तो । हजारौं कोसको यात्रा जस्तो । गरिबी यहाँ पनि थियो । त्यहाँ पनि थियो । त्यहाँको गरिब देखेपछि लाग्यो, हाम्रो चित्त अब शान्त छ । त्यसबाट हाम्रो मुक्ति थिएन । यो हाम्रो शाश्वत सत्य थियो । गरिबी र ईश्वर हाम्रो लगभग एकै तहमा विराजमान थिए ।

३३४

काठमाडौं जान हामीले हवाईजहाजको प्रयोग गऱ्यौं । जलयात्राले हामी अलिक थकित पनि थियौं । अब आकशचारी हुने आनन्द लिन मन लागेको थियो । पैसा कसरी आयो ? यस्तो लाग्ला, तर हामीले लगेको पैसा खर्च नै कहाँ भएको थियो र ? त्यस हिसाबले हामीसित घर गएर केही दिन खर्च गर्ने पैसा पनि थियो । त्यस कारण पनि हो, हामी लगभग निश्चित थियौं । अलिकति आकाशमा उड्ने विलासिता गर्न चाहन्थ्यौं । आफ्नो गरिबीलाई कहिलेकहीं हामी पहिले पनि सम्पन्नतामा रूपान्तरित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेर जीवन बिताउँदथ्यौं । आज पनि त्यही गर्न मन लागेको थियो । सम्भवतः हाम्रो अन्तिम सम्पन्नता ।

३३५

हामीलाई यात्राको अन्त्य अर्थात् यहाँको थालनीदेखि नै केही बेग्लै अनुभव भइरहेको थियो । उदाहरणका लागि, हवाईजहाज, सानो हुने गर्दथ्यो । यो ठूलो । लगभग जेटबराबरको । त्यसमा अङ्ग्रेजीमा लेखिएको थियो–इ.के.९; यस्तो पहिले देखिएको थिएन । हामीले ठान्यौं, नयाँ कम्पनी होला अथवा विदेशी कम्पनीले आन्तरिक उडानको लाइसेन्स पायो होला, आदि ।

३३६

एक्कासि मेरो दाइ अमर करायो– "यो त काठमाडौं होइन ।"

–"के हो त ?"

–"एक चक्रानगरी नै हो यो त ?"

सबैले माथिबाट हेरे । साँच्चीकै एकचक्रा नगरी नै थियो । हामी सबै खङ्ग्रङ्ग भयौं । कुनै प्रकोप वा चमत्कारले हाम्रो काठमाडौं एकचक्रा नगरीमा परिणत भएको थियो ?

तल आएपछि हामीले एकचक्रा नगरीका बाटाहरू देख्यौं । एक ठाउँमा आएर हामी सबै बस्यौं । चउरमा ।

३३७

अमरले मूर्तिहरू ल्याएको थियो । एकचक्रा नगरीका मूर्तिहरूलाई द्वापरयुगीन भनेर बेच्नलाई । ऊ दुखी र आक्रोशित भएर एकएक गरेर मूर्तिहरू मिल्काउन थाल्यो । प्रत्येक व्यक्ति आफ्नो खालले भित्रबाट दुखी थियो । हामीले एकचक्राबाट लामो यात्रा गरेर पुनः एकचक्रामै प्रवेश गरेका थियौं ।

३३८

हाम्रा कुराकानी :

–"त्यसो भए एकचक्रालाई परिवर्तित गरेर बनाइएको काठमडौं नै थियो त ?"

–"यी मायावी कुरा हुन्, हामी सर्वसाधारणले कसरी बुझ्ने ?"

–"यहाँ एकचक्रा छ । हाम्रा आफ्ना मान्छेहरू कहाँ गए होलान् ?"

–"केही भन्न सकिन्न । यहीँ पनि हुन सक्छन् । नहुन पनि सक्छन् ।"

–"हामीलाई थाहा हुँदैन ।" एकजना ठूला मानिसले भने–"यो रहस्य कसैलाई त ज्ञान होला ? वास्तवमा सबभन्दा पहिले हामीले त्यसैलाई खोज्नुपर्‍यो ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३३९

हाम्रो समूहका धेरै जना बिरामी पनि परिसकेका थिए । कसै गरी औषधी नभए पनि सान्त्वनाका मात्राहरू दिँदै यहाँसम्म ल्याइपुऱ्याएका थियौं । यो खबरले तिनको रोगमा अनपेक्षित रूपमा वृद्धि भएको थियो । तिनीहरू एक्कासि यति रुग्ण देखिए, तिनको बाँच्ने इच्छा नै समाप्त हुने खतरा उत्पन्न हुन थालेको देखियो । यस्तोमा हामी सबै चिन्तित भएर सोच्न थाल्यौं–

३४०

के भने, अब यस्तोमा हामीले पहिले आफन्तहरू खोज्ने कि, तर्कासुरलाई खोज्नुपऱ्यो कि अर्को चौथो भीमसेन अर्थात् भीमसेन-४ को खोजी गर्न हिँड्नु उचित छ ?

यी कुराले अलमलिएका/अल्झिएका हामी/काठमाडौंलाई एकचक्रा नगरीमा परिवर्तित भएको देखेका हामी पहिले के गर्ने भन्ने पहिल्याउन नसकेर रात त्यहीं चउरमा काट्ने भनेर, त्यहीं लड्यौं ।

थकित र खिन्न हामी अब जे गर्ने भोलिको सूर्योदयलाई हेरेरै थाल्ने भन्ने भावले लडेका थियौं ।

निदाउने बेलामा तरङ्ग जस्तै गरी एउटा विचार मेरो मनमा उठ्यो ।

वास्तवमा के भन्ने ?

उत्तर नपाएर बस्यो पनि । के भने–तर्कासुर हारेको थियो कि हामी ?

❑

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डा. ध्रुवचन्द्र गौतम आधुनिक नेपाली उपन्यासजगत्‌का शिखर स्रष्टाका रूपमा प्रख्यात हुनुहुन्छ । नेपाली आख्यानविधामा प्रयोगवादी लेखनको नेतृत्व गर्नुहुने डा.गौतमका १६ ओटा उपन्यास प्रकाशित भइसकेका छन् । उहाँ आफ्नो प्रत्येक उपन्यासमा, अस्तित्वादी-विसङ्गतिवादी चेतनाले युक्त वैचारिक धरातलमा रही नेपाली समाजका पात्रहरूका समस्याहरूको चित्रण गर्न रुचाउनुहुन्छ। प्रथम र द्वितीय विश्वयुद्धपछिको युरोपमा मानवीय जीवनको निस्सारताबोध, जीवनका विसङ्गत स्थितिहरू र मान्छेको जीवनगत अस्तित्वको चेतना-चिन्तनबाट जन्मिएको अस्तित्ववाद र विसङ्गतवादभन्दा ध्रुवचन्द्र गौतमको अस्तित्ववादी-विसङ्गतिवादी चेतना अलि भिन्नै खालको छ। उहाँका पात्रहरू नेपाली जीवनपद्धति, यसमा आएका विसङ्गति, आफ्नै अस्तित्वको खोजीमा व्यस्त हाम्रै समाजका पात्रहरू हुन्। आफ्ना पात्रहरूको सङ्गतिहीन अस्तव्यस्त जीवनको वर्णन, तिनको एक्लोपनको अनुभवको चित्रण, तिनीहरूको व्यक्तिगत र सामाजिक जीवनको विसङ्गति, तिनका जीवनका आशा, निराशा, जिजीविषा र त्रासदी आदि नै उहाँका उपन्यासहरूका विषयवस्तु हुन्। यिनै विषयवस्तुहरूलाई स्वैरकल्पना, मिथकीकरण, श्याम-व्यङ्ग्यका आधारमा प्रत्येक उपन्यासमा नवीन शिल्पप्रयोगद्वारा एउटा बेग्लै युगबोध लिएको कृति रचना गर्नमा उहाँ सिद्धहस्त हुनुहुन्छ। यस बाहेक उपन्यास, अनुभवन्यास र सूत्रउपन्यास गरी उपन्यासविधालाई पनि उपविधाहरूमा विभाजन गर्ने प्रत्यत्न उहाँले गर्नुभएको छ।

डा.ध्रुवचन्द्र गौतमको प्रस्तुत उपन्यास **भीमसेन-४ को खोजी** पनि सूत्रउपन्यास हो। **फूलको आतङ्क, मौनपछिको** यो तेस्रो सूत्रउपन्यासमा डा. ध्रुवचन्द्र गौतमले महाभारतको एउटा कथामा वर्णित एकचक्रा नगरीलाई मिथक बनाई त्यसलाई आधुनिक सन्दर्भमा व्याख्या गर्दै लेख्नुभएको छ। आफ्ना पूर्ववर्ती दुवै सूत्रउपन्यासहरू-भन्दा भिन्न रूपमा यस उपन्यासमा उहाँले वीरचरित्र, हितोपदेश, पन्चतन्त्र आदि प्राचीन लेख्यपरम्परा र संस्कृतका ग्रन्थहरूमा पाइने टीकापद्धतिलाई आधुनिक सन्दर्भमा प्रयोग गर्नुभएर सूत्रउपन्यासलेखनमा नितान्त नौलो प्रविधि भित्र्याउनुभएको छ। यो प्रविधिले सूत्रउपन्यासलेखनमा नवीन आयाम थपेको छ।

मध्यपश्चिमाञ्चल साहित्य संस्कृति कला प्रतिष्ठानले २०६० मा डा. ध्रुवचन्द्र गौतमलाई उहाँको जन्मदिनमा अभिनन्दनसहित **आख्यानपुरुष**को उपाधि प्रदान गरेको थियो। अहिले नयाँ वर्ष २०६१ मा उहाँको ताजा उपन्यास **भीमसेन-४ को खोजी** प्रकाशन गर्न पाउँदा साँचो अर्थमा आख्यानपुरुष र नेपाली साहित्यका पाठकहरूलाई नयाँ वर्ष २०६१ को सार्थक शुभकामनासहित नयाँ कोसेली उपहार दिन पाएको छ र यसमा यो संस्था अपार हर्ष प्रकट गर्दछ।

१।१।२०६१

मध्यपश्चिमाञ्चल
साहित्य संस्कृति कला प्रतिष्ठान
नेपालगन्ज

सनत रेग्मी
अध्यक्ष

ISBN: 99933-854-1-7

Jayatu Sanskritam, Kathmandu, Nepal